का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ फागुन २०७९,
मंगलबार
7 March 2023,
Tuesday
मूल्य रू. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# राष्ट्रपतिको पर्खाइ



मुलुक तेस्रो राष्ट्रपतिको पर्खाइमा छ । को हुन्छ राष्ट्रपति भन्ने कुर्न थप तीन दिन कुर्नुपर्ने हुन्छ ।



"मौन अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन ।

**शालिग्राम शर्मा पौड्याल**
प्रवक्ता, निर्वाचन आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

राष्ट्रपतिमा दुई उम्मेदवार छन् - नेपाली कांग्रेसका रामचन्द्र पौडेल र नेकपा एमालेका सुवास नेम्वाङ । दुवैले आफ्नो चुनावी प्रचार अभियान सकाएका छन् । निर्वाचन आयोगका अनुसार आज (मंगलवार) देखि उम्मेदवारलाई निर्वाचन प्रचार प्रसार गर्न निषेध गरिएको छ । गएराति १२ बजेदेखि मतदानको दिन फागुन २५ गते मतदान केन्द्र बन्द नभएसम्मका लागि प्रचारप्रसार निषेध गरिएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालका अनुसार यो मौन अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न पाइँदैन ।

उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालबाट मत माग्न पनि निषेध गरिएको छ । आचारसंहिता विपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जीत/हारको पूर्वानुमानका सामग्रीहरु प्रसारजस्ता कार्य गर्न नहुने भएको हुँदा यस्ता आचरणहरु पालना गर्न/गराउन सम्बन्धित सबैलाई आयोगले आग्रह गरेको छ ।

'मुलुकको सर्वोच्च र गरिमामय पद राष्ट्रपतिको निर्वाचनमा निर्वाचन कानून र आचारसंहिताको पालना गराइ निर्वाचनको स्वच्छता र मर्यादा कायम गर्न आयोग सम्बन्धित सबैलाई हार्दिक आग्रह गर्दछ,' विज्ञप्तिमा लेखिएको छ ।

निर्वाचन आयोगको २०७९ माघ १६ गतेको निर्णय अनुसार यही फागुन २५ गते राष्ट्रपतिको र आगामी चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुने गरी निर्वाचन कार्यक्रम सञ्चालन गर्दै आएको छ । आयोगले २०७९ फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहने गरी निर्वाचन आचारसंहितासमेत जारी गरेको हो ।

मौन अवधि मतदाताहरुलाई निर्णय गर्न दिइएको समय हो । यही समयमा मतदाताले निर्णय लिने र मतदान गर्ने विश्वास गरिन्छ । मौन अवधि ७२ घण्टा रहेकाले मुलुकले तेस्रो राष्ट्रपति पाउन थप तीन दिन कुर्नुपर्ने हुन्छ ।

संघीय संसद र सातवटै प्रदेश सभा सदस्यहरु रहेको निर्वाचक मण्डलबाट राष्ट्रपति चुनिन्छ । संविधानको धारा ६२ (१) मा भनिएको छ, 'राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ ।'

संघीय संसदतर्फ प्रतिनिधिसभाका २७५ र राष्ट्रियसभाका ५९ गरी

– बाँकी पृष्ठ २ मा



गुल्मीको सदरमुकाम तम्घासमा होलीको अवसरमा आयोजित कार्यक्रममा सहभागीहरु । सोमबार पहाडी क्षेत्रमा मनाइएको होली आज तराई मधेशमा मनाइँदैछ । तस्वीरः सन्तोष महतारा, रासस

# ४१७४ मतभार अनिर्णीत

राष्ट्रपति निर्वाचनमा निर्णायक नभए पनि प्रतिस्पर्धाको अन्तरमा ठूलो अर्थ राख्ने ४ हजार बढी मतभार अनिर्णीत हुँदा चुनावी परिणाम रहस्यकै निरन्तरतामा देखिन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

२५ फागुनमा हुने राष्ट्रपति निर्वाचनको लागि मौन अवधि शुरु भएको छ । निर्वाचन आयोगले सोमवार विज्ञप्ति जारी गर्दै सोमवार मध्यरातबाट मौन अवधि शुरु हुने जानकारी गराएको हो ।

राष्ट्रपति निर्वाचनमा सरकार समर्थित गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेबाट उपाध्यक्ष सुवास नेम्वाङ उम्मेदवार छन् । तर राष्ट्रपति निर्वाचनको तीन दिन बाँकी रहँदा संसदको ४१७४ मतभार भने अझै अनिर्णीत अवस्थामै रहेका छन् । अर्थात उनीहरुले राष्ट्रपतिमा कुन उम्मेदवारलाई समर्थन र मत दिने भन्ने





निर्णय गरिसकेका छैनन् । त्यसरी निर्णय गर्न बाँकी रहनेमा राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टी छन् ।

रास्वपा र राप्रपाले फागुन २४ गते मात्रै राष्ट्रपतिका कुन उम्मेदवारलाई मत निर्णय गर्ने भएका छन् ।

संसदको चौथो शक्ति रहेको रास्वपासँग १५०१ मतभार रहेको छ । तर उसले

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# अपाङ्ग केन्द्रका बालबालिकासँग प्रगतिशील मञ्चको होली

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले जोरपाटीस्थित अपाङ्ग पुनर्स्थापना केन्द्रलाई ५१ हजार रूपैयाँ आर्थिक सहयोग गरेको छ । फागु पूर्णिमा अर्थात् होलीको अवसरमा सोमबार एक कार्यक्रमका बीच मञ्चका अध्यक्ष जनक रावलले उक्त संस्थाका अध्यक्ष उदयबहादुर लिम्बुलाई ५१ हजार रूपैयाँको चेक हस्तान्तरण गरे ।

मञ्चले केन्द्रमा आश्रित बालबालिकाका लागि 'ह्याप्पी होली' अंकित टिसर्टसहित बालबालिकालाई बिहानको खाना पनि उपलब्ध गराएको थियो ।

सहयोग हस्तान्तरण कार्यक्रममा मञ्चका अध्यक्ष रावलले बैगेशिक रोजगार व्यवसायीको सामाजिक उत्तरदायित्वको



अवधारणाअनुसार होलीका अवसरमा उक्त अपाङ्ग पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकाका लागि शिक्षा, भोजन तथा मनोरञ्जन कार्यक्रम लिएर आएको बताए । उनले केन्द्रमा रहेका अविभावकविहीन अवस्थामा रहेका बालबालिकालाई भविष्यका दिनमा पनि सहयोग गरिरहने बताए ।

सो अवसरमा केन्द्रका अध्यक्ष लिम्बूले केन्द्रमा रहेको बालबालिकाको मुहारमा खुसी ल्याउन मञ्चले गरेको सहयोग बालबालिका तथा संस्थाका लागि अतुलनीय रहेको बताए । उक्त संस्थामा हाल ४१ जना शारीरिक तथा मानसिकरूपमा अपाङ्ग बालबालिका

– बाँकी पृष्ठ २ मा

ओलीको रणनीति

# राष्ट्रपति चुनावपछि कांग्रेससँगै सत्ता सहकार्य !



एकातिर ओली प्रचण्डसँगको गठबन्धन टुटाउने रणनीतिमा देखिएका छन् भने अर्कातिर कांग्रेससहितको ८ दलीय गठबन्धनलाई अघि बढाउने रणनीतिमा प्रचण्ड छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँगको गठबन्धन टुटेपछि कांग्रेससँग नयाँ गठबन्धन गरेर जाने रणनीतिमा केपी शर्मा ओली देखिएका छन् । जसरी पनि एमालेको राष्ट्रपति बनाउन लागिपरेका उनी कांग्रेसलाई प्रधानमन्त्री दिएर जान सकिने रणनीतिमा अघि बढेका हुन् ।

'देउवाले पनि राष्ट्रपतिमा उपयुक्त पात्र भएको बताउनुभयो । जिम्मेवार राजनीतिक दल एक ठाउँमा उभिनु पर्दछ भन्नेमा उहाँ पनि सहमत हुनुहुन्छ,' सोमबार कांग्रेस सभापति शेरबहादुर देउवासँग राष्ट्रपतिका उम्मेदवार सुवास नेम्वाङले गरेको भेटको संवाद एक नेताले मध्यान्हलाई सुनाए । लोकतन्त्रको रक्षा गर्ने सन्दर्भमा कांग्रेस र एमालेबीच

– बाँकी पृष्ठ २ मा

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

# हिमाली र पहाडी जिल्लामा मनाइयो फागुपर्व

## आज तराईमा मनाइँदै

**काठमाडौं/मस**–फागुपूर्णिमा अर्थात् होली पर्व सोमबार हिमाली एवम् पहाडी जिल्लामा हर्षोल्लासका साथ एकापसमा रङ्ग र लोला खेली आपसी सद्भाव साटेर मनाइएको छ। हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन फागुपूर्णिमा पर्व मनाइन्छ । तराईका जिल्लामा भने भोलिपल्ट यो पर्व मनाइन्छ।

वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व परम्परागतरूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ। केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलोरूपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय अनुशासित बन्दै गएको छ।

यस पर्वका अवसरमा आज काठमाडौँको वसन्तपुरमा उपस्थित



मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै पर्व मनाएका छन् । फागुन शुक्ल अष्टमीका दिन त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउने कार्यक्रम रहेको छ।

उक्त चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ। फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु सुरु भएको थियो।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ।

त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ। यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन् । निजलाई ब्रजबासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा.डा देवमणि भट्टराईले बताए।

# नारायणी किनारामा होलीको रौनक

**विनोद अधिकारी/मध्यान्ह**
चितवन, २२ फागुन

फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा अर्थात् होलीको पहिलो दिन चितवनमा रौनक देखिएको छ। सोमबार होलीको टिसर्ट लगाएका युवायुवतीहरु नारायणी किनारामा होली खेलेर रमाइलो गरिरहेका छन् । अर्कोतिर गैडाकोट-२ नारायणी नदी किनारामा आयोजित प्रथम गण्डकी प्रदेशस्तरीय औद्योगिक व्यापार महोत्सवमा पनि होलीको रौनक उत्तिकै छाएको छ।

चितवनमा कुनै पनि ठूलो पर्व मनाउन परेमा वा कार्यक्रम सञ्चालन गर्नु परेमा नारायणी किनारा नै पहिलो प्राथमिकतामा पर्दछ।

हरेक वर्ष होली मनाउनका लागि नारायणीमा जिल्लाभित्र र छिमेकी जिल्लाबाट हजारौँ मानिसको आगमन हुने गरेको छ। विगतका वर्षमा कोरोना र प्रशासनको आग्रहमा सार्वजनिक रुपमा होली कार्यक्रम मनाउन नपाए पनि यसपटक भने कोरोनाको त्रास नभएकाले नारायणी किनारामा होली उत्सव मनाउन आउनेको भीड ठूलो देखिन्छ। यस्तै शहरका चोकचोकमा समेत युवायुवती होलीको रमाइलोमा रमाइरहेका छन् भने होलीमाउच्छृङ्खला गतिविधि बढ्न सक्ने भन्दै प्रहरीले चोक चोकमा सुरक्षा व्यवस्था पनि कडा गरेको छ। चितवनका विभिन्न ३० ठाउँमा चेक पोइन्ट राखिएको प्रहरीले जनाएको छ। होलीको अवसरमा सडक दुर्घटना र झैंझगडा कम गर्नको लागि चेकिङलाई कडा बनाइएको जिल्ला प्रहरी कार्यालय चितवनले बताएको छ।

होलीमा साथीहरुसँग लामो समयपछि रमाउन पाएकोमा भरतपुर १० का सन्दीप तिवारीले खुशी व्यक्त गरे। गत वर्ष विभिन्न कारणले होली मनाउन नपाएका तिवारी यस वर्ष भने आफ्नो उमेर समुहका साथीहरुसँग होली खेल्दै रमाए। मेघौलीबाट होली खेल्नकै लागि नारायणी किनारा आएको अशोक रानाभाट बताउँछन् । विद्यालय बिदा भएकाले साथीहरुसँग होलीमा रमाइलो गर्न नारायणी किनारामा आएको सरस्वती अधिकारी बताउँछिन्।

नारायणी किनारामा मानिसको भीड लाग्दा स्थानीय व्यापारी पनि खुशी छन्। स्थानीय व्यापारी तिलक बिकले विगतको वर्षमा जस्तो व्यापार नभए पनि यो वर्ष होलीको टिसर्ट धेरै बिक्री भएको बताए। फुटपाथमा व्यवसाय गर्दै आएका विकास लामाले आफूले ल्याएको २ सय वटा होली टिसर्ट सबै बिक्री भएको बताए। पोहोर बिक्री नभएपछि उनले यसपटक २ सय पिस मात्र टिसर्ट ल्याएका थिए। तर यो वर्ष टिसर्ट अपुग भएको उनले सुनाए।

## गाउँघरमा सुनिनै छाडे होलीको मौलिक भाका

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २२ फागुन

गाउँघरमा होली पर्वको महत्व र रौनक हराउँदै गएको छ। गाउँघरमा बढ्दो आधुनिकताले रंगहरुको पर्वका रूपमा मनाइने होली अर्थात् फागु पूर्णिमा पर्वको परम्परागत महत्व र रौनक हराउँदै गएको हो। गाउँघरमा साथीभाइ, आफन्त जम्मा भई घरघरमा मौलिक गीत गाउँदै नाच्दै होली खेल्ने चलन पछिल्लो समय हराउँदै गएको हो।

मौलिक परम्परा, संस्कार संस्कृतिभन्दा माथि उठेर भड्किलो पाराले होली मनाउने संस्कार गाउँमा भित्रिएकाले परम्परागत संस्कृति हराउन थालेका हुन् । होली आउनु एक दुई दिन अगाडि नै मादल, भ्याली लगायतका विभिन्न परम्परागत वाद्यवादनका तालमा होली गीत गाउने र नाचेर यो पर्व मनाइने गरिन्थ्यो । तर अहिले भने गाउँघरमा मौलिक पारामा होली गीत गाउने र नाच्ने चलन हराइसकेको छ।

गाउँघरमा शहरी परिवेशले छुन थालेपछि मौलिक भाकामा होली गाउने र नाच्ने प्रचलन हराउँदै गएको हो । यस पर्वलाई विशेषगरी शहरबजारमा साथीभाइ, आफन्तबीच रङ खेलेर धुमधामका साथ मनाइन्छ । त्यसैको प्रभाव गाउँघरमा पर्न थालेपछि होलीको विशेष मौलिकता नै हराउन पुगेकामा पाकापुस्ता चिन्ता व्यक्त गर्छन्।

पछिल्लो समय होली अर्थात् फागुपर्व तडकभडक हुन थालेको छ। शहरी परिवेशको प्रभावस्वरुप मौलिक गीत गाएर नाचेर होली अर्थात् फागु खेल्नुको सट्टा अहिले वनभोज जाने र आधुनिक गीत संगीतमा रमाउनेको जमात बढ्दो छ। यसले पनि होलीको परम्परागत महत्व र रौनक हराउँदै गएको छ।

त्रेता यूगमा भगवान विष्णुका परम भक्त प्रल्हादको भक्तिसँग होलीलाई जोडेर हेरिन्छ।

# पत्रकारको होली मिलन कार्यक्रम

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २२ फागुन

नेपालगन्जमा होली मिलन कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ बाँके शाखा, नेपाल प्रेस युनियन जिल्ला कार्य समिति बाँकेले छुट्टाछुट्टै होली मिलन कार्यक्रमको आयोजना गरी होली मनाएको हो।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.४ सेतु वि.कको पूर्व लाइन गणेशपुर रोडस्थित नेपाल प्रेस युनियन जिल्ला कार्य समिति बाँकेको कार्यालय अगाडि कार्यक्रम आयोजना गरिएको हो। अध्यक्ष अर्जुन ओलीको अध्यक्षतामा सम्पन्न कार्यक्रम युनियन बाँकेका सचिव विजय मल्लले सञ्चालन गरेका थिए। होली मिलन कार्यक्रममा नेपाल प्रेस युनियन जिल्ला कार्य समिति बाँके संघ आवद्ध पत्रकार हरुको सहभागिता रहेको थियो।

होली मिलन कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष अर्जुन ओलीले होली पर्वले आपसी सद्भाव, भाइचारा कायम गर्ने भएकोले विश्वास गरे। नेपाल प्रेस युनियन बाँकेले विगतका वर्ष जस्तै यसवर्ष पनि आफ्नै कार्यालयको अगाडि होली मिलन कार्यक्रम गरेर आफ्नो परम्परालाई निरन्तरता दिएको




बताए। नेपाल प्रेस युनियन बाँकेले हरेक वर्ष आजकै दिन होली मिलन कार्यक्रम गर्ने परम्परा रहेको छ।

सो कार्यक्रममा नेपाल प्रेस युनियन लुम्बिनी प्रदेशका उपाध्यक्ष जयसिंह केसी, महासचिव नविन गिरी, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष शुक्रऋषी चौलागाईं, नेपाल पत्रकार महासंघ बर्दिया शाखाका पूर्व अध्यक्ष एवं युनियनका नेता श्रीराम सिग्देल, नेपाल प्रेस युनियन लुम्बिनी प्रदेशका सदस्य गौरव गिरी, युनियन बाँकेका सल्लाहकार चेतकान्त भट्टराई, प्रेस युनियन र नेपाल पत्रकार महासंघ बाँकेका कार्यसमिति सदस्यहरु, अन्य सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो।

यसैगरी नेपालगन्ज उप-महानगरपालिका वडा नं.४ बसपार्कस्थित रहेको नेपाल पत्रकार महासंघ बाँके शाखाले आयोजना गरेको फागु पूर्णिमा (होली) को शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेको थियो।

नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष दामोदर भण्डारीको अध्यक्षता, सचिव कमल खत्रीद्वारा सञ्चालित कार्यक्रम नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष शुक्रऋषी चौलागाईंको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य झलक गैरे, सल्लाहकार तथा पूर्व अध्यक्ष रुद्र सुवेदी, नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष अर्जुन ओली, महासचिव नविन गिरी, समाजवादी पत्रकारका अध्यक्ष लोकनाथ शर्मा, बिष्णु बेल्वासे, नेपाल प्रेस युनियन लुम्बिनी प्रदेशका उपाध्यक्ष जयसिंह केसी, संगीन शर्मा, बिमला चौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

**मलेसियामा रोजगार** | **कम्पनी**: JALAN TENGAH SERVICE CENTRE **शहर**: MALAYSIA

**पूर्व स्वीकृत मिति: २०७९/११/२१** **चलानी नं.: ६०१९७६३७** **LT. No.: 282033**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf filler | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३० गते (14 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोर्ने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Tel: 01-5904026
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074

**सामुदायिक कोल्ड स्टोर**
**(नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोगमा संचालित)**
**स्वच्छ दुध उत्पादनको लागि उन्नत गाई/भैसी पालन**
**उप-आयोजना संकेत नं.: 3KTH017**
**का.म.न.पा-१४, काठमाण्डौ**

**दरभाउपत्र/बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशन मिति:-२०७९।११।२३**
**बोलपत्र नं.:०१/०७९/८०**

यस सामुदायिक कोल्ड स्टोर का.म.न.पा-१४, काठमाण्डौबाट सञ्चालित उन्नत तथा क्रस जर्सी जातको गाईहरु आपूर्तिको लागि यो दरभाऊ पत्र आह्वान गरिएको छ।

१. सम्बन्धित आधिकारिक निकायहरुबाट ईजाजतप्राप्त (VAT वा PAN मा दर्ता भएका र गत आ.व. सम्मका कर चुक्ता गरेका) आपूर्तिकर्ता/फार्मबाट यस उप आयोजनाको लागि आवश्यक गाई ४० वटा आपूर्तिका लागि यो बोलपत्र आह्वान गरिएको छ।
२. इच्छुक तथा योग्य आपूर्तिकर्ता वा फार्मले यस उप-आयोजना कार्यालयबाट यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न र दरभाउपत्र/बोलपत्र सम्बन्धी कागजात हेर्न सक्नेछन।
३. दरभाउपत्र दाताले रु ३०००।- राजश्व शिर्षक नं. १४२२९ राजश्व खाता नं. ००१०१०००००००१००१००१ कार्यालय कोड नंम्बर ३१२००३२०२ कार्यालयको नाम:-नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, बिकेन्द्रीकृत आयोजना सहयोग ईकाई हेटौडाको नाममा जम्मा गरेको भौचर पेश गरी मिति २०७९/१२/२२ सम्म(अन्तिम मिति भन्दा एक दिन अगाडी) दरभाउपत्र खरिद गर्न सक्नेछन।
४. दरभाउपत्र यस उप-आयोजना कार्यालयमा मिति २०७९/१२/२२ गते १२:०० बजे भित्र दर्ता गराइ सक्नुपर्नेछ र ढिलो गरी प्राप्त हुन आएका दरभाउपत्र/बोलपत्र स्वीकार गरिने छैनन्।
५. दर्ता हुन आएका दरभाउपत्र/बोलपत्रहरु यस उप-आयोजनाको कार्यालयमा मिति २०७९/१२/२२ गते १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएकै समयमा पेश भएका दरभाउ पत्रहरु खोलिने छ।

**सामुदायिक कोल्ड स्टोर**
काठमाण्डौ जिल्ला, का.म.न.पा-१४, सम्पर्क: ९८६१२२२९८४

### राष्ट्रपतिको...

कूल ३३४ सदस्य छन् भने सातवटा प्रदेशसभाबाट गरी कूल ५५० सदस्य छन्।

मतभार नियाल्दा राष्ट्रिय सभामा १० र प्रतिनिधिसभामा ८९ सांसद रहेको कांग्रेसको मतभार ७,८२१ छ। प्रदेश सभातर्फ १७५ सदस्य जितेको कांग्रेसको मतभार ८,४०० हुन्छ। संघ र प्रदेश दुवैतर्फ जोड्दा कांग्रेसको कूल मतभार १६ हजार २२१ पुग्छ।

दुवै सभातर्फ जोड्दा १५ हजार २८१ मतभार रहेको नेकपा एमालेको प्रतिनिधिसभामा ७८ र राष्ट्रिय सभामा अध्यक्षसहित १७ सांसद छन्। जसको मतभार ७,५०५ हुन्छ। प्रदेश सभातर्फ देशभर १६२ सिट जितेको एमालेको मतभार ७,७७६ छ।

राष्ट्रिय सभामा १६ सांसद रहेको माओवादी केन्द्रको प्रतिनिधिसभामा ३२ सिट छ। प्रदेश सभातर्फ उसले देशभर ८२ सिट जितेको छ। संघमा ३,७९२ मतभार रहेको माओवादी केन्द्रको प्रदेशसभा तर्फ ३,९३६ मतभार पुग्छ। दुवैतिर जोड्दा माओवादीको कूल मतभार ७,७२८ हुन आउँछ।तीनवटै सभाको कूल मतभार जोड्दा एकीकृत समाजवादीको दुई हजार ४७८, जनता समाजवादी पार्टी (जसपा) को दुई हजार ९७ मतभार छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभामा २० सिट जितेको थियो। नागरिकता विवादमा रास्वपा सभापति रवि लामिछानेको पद गएका कारण उक्त दलसँग अहिले १९ सिट मात्रै छ। यसरी रास्वपाको मतभार १,५०१ मा झरेको छ। प्रदेश सभा र प्रतिनिधिसभा समेत जोड्दा जनमत पार्टीको १,२४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५, नेमकिपाको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र मतभार १२८७ छ।

### ४१७४ मतभार...

चुनावको अघिल्लो दिनमात्र निर्णय गर्ने बताएको छ। 'राष्ट्रपति निर्वाचनबारे निर्णय भइसकेको छैन, चुनाव अगाडि गरे भइहाल्यो,' सभापति रविलामिछानेले भने, 'तर, दुवै उम्मेदवारसँग सर-सल्लाह भएको छ, उहाँहरुले भोट गर्नुस् भन्नुभएको छ, हामीले निर्णय गरिनसकेको जवाफ दिएका छौं।' राप्रपाले पनि फागुन २४ गते कार्यसञ्चालन समितिको बैठक बोलाएको छ। त्यही बैठकले राष्ट्रपतिमा कसलाई मत दिने भन्ने निर्णय गर्ने प्रवक्ता एवम् प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले बताए। राप्रपाको २४५० मतभार रहेको छ।

राप्रपाको मत माग्न राष्ट्रपतिका दुवै उम्मेदवारले अध्यक्ष राजेन्द्र लिङदेनसहितका पदाधिकारीलाई छुट्टा छुट्टै भेटवार्ता गरिसकेका छन्।

राप्रपाका अध्यक्ष तथा नेताहरुलाई भेट्न कांग्रेस नेता पौडेल सोमबार पार्टी कर्यालय पुगेका थिए। कांग्रेसका वरिष्ठ नेतासमेत रहेका पौडेलले सोमबार राप्रपा कार्यालय पुगेर अध्यक्ष राजेन्द्र लिङदेनसँग सहयोग मागेका हुन्। भेटवार्तामा राप्रपाका पूर्वअध्यक्ष डा.प्रकाशचन्द्र लोहनी, नेता दीपक बोहरालगायत नेताहरु सहभागी थिए। राप्रपाले हालसम्म राष्ट्रपतिमा कसैलाई पनि मतदान गर्ने निर्णय गरेको छैन। यसअघि नै एमाले उपाध्यक्ष सुवास नेम्वाङले पनि राप्रपाका सांसदहरुसँग भेट गरिसकेका छन्।

फागुन १२ गते नै कार्यसमितिको बैठक राखेर राष्ट्रपतिको चुनावमा प्रस्तावक/समर्थक नबन्ने निर्णय गरिसकेको राप्रपाले चुनावमा कुन उम्मेदवारलाई मत दिने निर्णय फागुन २४ गतेमात्र गर्न लागेको प्रवक्ता श्रेष्ठले बताए। उनी भन्छन्, 'सबै विकल्पमा खुला छौं। छलफल गरेर सोचविचार गरेर निर्णय गर्छौं'

उनका अनुसार अध्यक्ष राजेन्द्र लिङदेन पाँच दिन काठमाडौं बाहिर रहेकाले थप छलफल हुन पाएको छैन।

संसदको अर्को घटक नेपाल मजदूरकिसान पार्टीले पनि राष्ट्रपतिको चुनावका विषयमा पार्टीभित्र छलफल नै हुन बाँकी रहेको जनाएको छ। सांसद प्रेम सुवालले २५ गते बिहानसम्म निर्णय गर्न सकिने बताए ,' अहिलेसम्म पार्टीमा कुनै छलफल भएको छैन, अब कुन समीकरण बन्ने हो थाहा नै छैन, कसको कहाँ सम्पर्क भइरहेको छ।' राष्ट्रपति चुनावमा नेमकिपाको मतभार २२३ छ।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुस १० मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भएको सहमतिपछि बनेको ७ दलीय गठबन्धन भंग गरि फागुन १२ गते कांग्रेससहितको ८ दलीय गठबन्धन घोषणा गरेका छन्। सत्ता गठबन्धनबाट पौडेल साझा उम्मेदवार छन् भने नेम्वाङलाई अहिलेसम्म एमाले एक्लैको साथ छ। राष्ट्रपति निर्वाचनमा निर्णायक नभए पनि प्रतिस्पर्धाको अन्तरमा ठूलो अर्थ राख्ने ४ हजार बढी मतभार अनिर्णित हुँदा चुनावी परिणाम रहस्यकै निरन्तरतामा देखिन्छ।

### अपाङ्ग...

रहेका छन्। संस्थाका अध्यक्ष लिम्बूले उनीहरूलाई स्थानीय तीन वटा बोर्डिङ स्कुलमा पढाइरहेको बताउँदै स्थानीय तहबाट प्राप्त अनुदान, मञ्चजस्ता परोपकारी संस्था तथा व्यक्तिहरूले दिएको मानवीय सहयोगमा संस्था सञ्चालन भइरहेको बताए।

मञ्चका उपाध्यक्ष दलवीर भण्डारीले सञ्चालन गरेको सहयोग हस्तान्तरण कार्यक्रममा कलाकार बादल थापा मगरले सांगीतिक प्रस्तुति दिएका थिए।

### ओलीको...

तालमेल हुनुपर्नेमा नेम्वाङको जोड छ। एमाले र माओवादीको सहकार्यमा गत मंसिरमा प्रधानमन्त्री र राष्ट्रपति भागबण्डा सहित सरकार गठन भएको थियो। तर, माओवादीले एमालेलाई सभामुख र राष्ट्रपति दिन नहुने भन्दै सरकारबाटै मन्त्रीहरु हटाउने तयारी गरेको थियो। पछि एमालेका सचिवालय बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिदैं मन्त्रीहरु पनि फिर्ता बोलाएको थियो।

यद्यपि, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने पुरानै गठबन्धन कायम रहने दाबी गर्दै आएका छन्। राष्ट्रिय सहमतिमा कांग्रेसलाई राष्ट्रपति दिएर वामलोकतान्त्रिक गठबन्धनलाई आगामी ५ वर्षसम्मै लैजानुपर्ने उनको भनाइ छ। उनीमात्रै होइन, राष्ट्रपतिका उम्मेद्वार रामचन्द्र पौडेल, नेता शेखर कोईराला, महामन्त्री गगन थापाले पनि पुरानै गठबन्धन अघि बढाउनुपर्ने दाबी गरेका छन्। सोही निर्णयबमोजिम पछिल्ला दिनमा ८ दलीय गठबन्धन अघि बढेको छ।

'कांग्रेस र एमाले मिलेर सरकार बन्ने सम्भावना देखिन्छ, देउवालाई प्रधानमन्त्री र आफूले राष्ट्रपति लिने रणनीतिमा ओली लागेको छन्,' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने।

उनले एमाले र कांग्रेसबीच सहकार्य हुने बलियो सम्भावना देखिएको पनि दाबी गरेका छन्। देउवालाई धोका दिएर ओलीसँग र ओलीलाई धोका दिएर देउवासँग सहकार्य गरेका प्रचण्डलाई प्रधानमन्त्री दिन नहुने एमालेका नेताले बताउँदै आएका छन्। अझ ओलीले पनि आफ्ना नजिकका व्यक्तिहरु बढाएर एमाले कांग्रेस सहकार्य आवश्यक रहेको बताउँदै आएका छन्।

एकातिर ओली प्रचण्डसँगको गठबन्धन टुटाउने रणनीतिमा देखिएका छन् भने अर्कातिर कांग्रेससहितको ८ दलीय गठबन्धनलाई अघि बढाउने रणनीतिमा प्रचण्ड छन्।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७९/११/२३**

Tridev Health Care Pvt. Ltd. को मिति २०७४/०२/२६ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी Tridev Health Care And Policlinic Pvt. Ltd. **(प्रा.लि.नं.: १४२५६७)** कायम गर्ने गरी मिति २०७४/०२/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वनगाड कुपिन्डे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आसय सम्बन्धी सुचना**

**(प्रकाशित मिति : २०७९/११/२३)**

यस कार्यालयवाट मिति २०७९/१०/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतिय खरिद बोलपत्रको प्राबिधिक तथा आर्थिक मूल्यांकन पश्चात सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | कबोल अंक |
|---|---|---|---|---|
| 1. | BAKUNAPA/NCB/GOODS-12-2079/080 | Procurement Supply and Delivery of Medicine and Drugs | Unique Pharma, Nepalgunj | 33,24,678.60 |

**प्रमुख प्रशासकीय अधिकृत**

# दूतावासबाटै राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन माग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २२ फागुन

कतारको राजधानी दोहामा आइतबारदेखि अतिकम विकसित राष्ट्रहरूको पाँचौं सम्मेलन शुरु भएको छ। सम्मेलनमा नेपाल सरकारका तर्फबाट उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठको सहभागिता रहेको छ।

९ मार्चसम्म हुने अतिकम विकसित राष्ट्रहरूको पाँचौं सम्मेलनमा भाग लिन कतार पुग्नुभएका उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्रेष्ठको सम्मानमा गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् कतारले भेटघाट तथा स्वागत कार्यक्रमको आयोजना गरेको छ। अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्व तथा उपप्रधानमन्त्री श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा कतारमा रहेका सामाजिक, वैचारिक, सामाजिक अगुवा लगायत एनआरएनए आइसिसीका विभिन्न पदाधिकारीहरूले आफ्ना सुझाव र गुनासा मन्त्री समक्ष राखेका थिए। वक्ताहरूले कतारको सवारी चालक अनुमति पत्र (लाइसेन्स) बाटै नेपालमा पनि लाइसेन्स बन्ने प्रक्रिया शुरु गर्न सुझाव दिएका थिए। पासपोर्ट विदेशस्थित दूतावासबाट नै बन्ने गरेको स्मरण गराउँदै कार्यक्रमका वक्ताहरुले राष्ट्रिय परिचयपत्र समेत दूतावासबाट नै जारी गर्ने व्यवस्था मिलाउन सुझाव दिए। त्यस्तै सरकारले प्रवासी नेपालीलाई प्राथमिकतामा राखेर दिन सुरु गरेको आइपिओ पनि नपर्ने गरेको गुनासो उनीहरुको थियो। नेपालमा पैसा पठाउँदा एक्सचेन्जले लिने शुल्क चर्को भएका कारण न्यूनतम तलबमा काम गर्ने कामदारले हुन्डी मार्फत पैसा पठाउने गरेको गुनासो वक्ताहरूले गरे।

एनआरएनए आइसिसीका विभिन्न पदाधिकारीहरूले एक पटकको नेपाली सधैँको नेपाली भन्ने वैज्ञानिक नारालाई लागू गर्न मन्त्री समक्ष आग्रह गरे। उनीहरुले हिरा उत्पादन गर्न सक्ने क्षमता भएका नेपालीहरू जिराको जोहोमा विदेशिनु पर्ने बाध्यता माथि प्रश्न गरेका थिए। रेमिट्यान्सबाट भित्रिने १० खर्ब रकमको १० प्रतिशत सामूहिक लगानी कोषमा जम्मा गर्न सकियो भने नेपालको विकास बजेटको २५ प्रतिशत भन्दा बढी हुन आउने वक्ताहरूको धारणा थियो।

कार्यक्रममा भ्रमण दलमा सहभागी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले नेपालको विकासका लागि जनताले पनि साथ दिनुपर्ने बताए। उनले प्रवासबाट वैधानिक बाटोबाट रकम नेपाल पठाउन सबैलाई आग्रह गरे।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उपप्रधानमन्त्री श्रेष्ठले विदेशमा जानुनै गलत भने नभएको बताए। तर उनले परिवार पाल्न र सन्तानको शिक्षाकै लागि अदक्ष कामदारका रूपमा विदेशिनु दुखद रहेको र यसको अन्त्य गर्नु सरकारको दायित्व रहेको उल्लेख गरे। उनले दक्षता हासिल गरेर विश्वमा जहाँ बसेर जे पेशा गरे पनि त्यसले राष्ट्रलाई नै टेवा दिने बताए,'तपाई प्रवासमा रहनु हुने सरकारबाट असन्तुष्ट हुनुहुन्छ तर हामी आफै सरकारमा रहेर पनि सन्तोषजनक कार्य सम्पादन गर्न सकेका छैनौं। आजको मूख्य आवश्यकता भनेको आर्थिक विकास र समृद्धिलाई तीव्रता दिनु हो।'

उनले जनताका न्यूनतम आवश्यकता पूरा गर्न सरकार चुकेको स्वीकार्दै सरकार सफल हुन जनताले पनि साथ दिनु पर्नेमा जोड दिए। खाडी र मलेसिया पसेर बाध्यतामा काम गरिरहेका नेपाली श्रमिकलाई आफ्नै देशमा आफ्ना परिवारका साथमा रहेर स्वदेशी भूमिलाई सिञ्चित गर्दै बस्ने वातावरण सिर्जना गर्न नसके राजनीतिक परिवर्तन गरेको उद्देश्य पूरा नहुने उनको भनाइ थियो। उनले हलले दिएका सुझावलाई सकारात्मक लिँदै अधिकतम कार्यान्वयन गर्न पहल गर्ने प्रतिवद्दता व्यक्त गरे। उपप्रधानमन्त्री श्रेष्ठले एकपटकको नेपाली सधैँको नेपाली भए पनि संविधानमा नेपाली नागरिकले दुईवटा देशको नागरिकता बोक्न नपाउने प्रावधान गरेको स्मरण गराए। दुईवटा नागरिकता बोक्ने नागरिकले विदेशमा मताधिकार प्रयोग गर्ने हुँदा नेपालमा मताधिकारको प्रयोग गर्न नपाइने व्यवस्था गरिएको स्पष्ट पार्दै अब त्यसलाई कार्यान्वयनमा लैजाने उनले जानकारी गराए।

संघका प्रथम उपाध्यक्ष जैवि चाम्लिङ राईले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव पदम गिरीले सहजीकरण गरेका थिए। कार्यक्रमको समापन गर्दै सभापति मुसलमानले सरकारले लाइसेन्स र राष्ट्रिय परिचय पत्र दूतावासबाट जारी गर्ने व्यवस्था मिलाउन आग्रह गर्दै त्यसको कार्यान्वयनका लागि थप कर्मचारी पठाउन मन्त्री समक्ष अनुरोध गरे। उनले नेपालमा लगानी भित्राउन दूतावासमा छुट्टै व्यवसायी डेस्कको आवश्यकता रहेको बताए। मध्यपूर्वबाट केही पर्यटक मात्र भित्र्याउन सकेपनि पर्यटनमा ठूलो टेवा पुग्ने उनको भनाइ थियो। अध्यक्ष मुसलमानले एनआरएनए एनसिसिले अप्ठ्यारो र समस्यामा परेका नेपालीका लागि सदैव अभिभावकीय भूमिका निर्वाह गर्दै आएको र सधैं गरिरहने प्रतिवद्धता व्यक्त गरे।

# मुसिकोट नगरपालिकाको छुट्टै लोगो

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, २२ फागुन



गुल्मीको मुसिकोट नगरपालिकाले आफ्नो छुट्टै लोगो (प्रतिक चिन्ह) सार्वजनिक गरेको छ। स्थानीय सरकारले आफ्नो पहिचान झल्किने गरी लोगो बनाउन पाउने व्यवस्थाअनुसार नगरपालिकाले विशिष्टिगत पहिचान समेटिएको आफ्नो लोगो सोमबार छैठौं नगर स्थापना दिवसको अवसर पारेर सार्वजनिक गरेको हो।

नगरकार्यपालिकाको निर्णयअनुसार लोगो बनाउन प्रस्ताव आह्वान गरिएको थियो। नगरपालिकाका सूचना अधिकारी प्रकाश घिमिरेका अनुसार प्रस्ताव आह्वानसँगै लोगो बनाउन छ जनाले प्रस्ताव पेस गरेका थिए। छ जनाकै प्रस्तावमा समेटिएका विषयवस्तुहरुलाई मुख्य रुपमा एकीकृत गरी लोगो तथा नगर गान तयारी समितिले स्केच तैयार पारेको उनको भनाइ छ। लोगोको स्केच तयार भएको र त्यसलाई ग्राफिक डिजाइनरहरुको सहयोगमा रंग भर्ने काम गरेपछि लोगो प्रयोगमा ल्याइने उनले बताए।

नगरपालिकाका प्रमुख प्रशाशकीय अधिकृत बिनोद कुँवरले राष्ट्रिय तथा लुम्बिनी प्रदेशको पहिचान समेटिनुका साथै मुसिकोट नगरपालिकाका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा विशिष्ट भौगोलिक पहिचान झल्किने गरी लोगो तयार भएको बताए।

नगरपालिकाको लोगो सार्वजनिक गर्दै नगरप्रमुख जीवन खरेलले अब नगरपालिकाले आफ्नै पहिचान अनुसारको लोगो बनाएको बताए। उनले लोगोमा मुसिकोट नगरपालिकाका सांस्कृतिक, धार्मिक सम्पदा, यहाँका खोला नाला, कफी खेतीको उद्गम स्थल, राष्ट्रिय पहिचान बोकेको अशोक स्तम्भ, हिमाल, पहाड, तराई, राष्ट्रिय झण्डा तथा मुसिकोटको नक्सा लगायतका विषयहरु समावेश गरिएको जानकारी दिए।

लोगो निर्माणका लागि प्रस्ताव दिने तथा त्यसलाई स्केचको रुपमा तयार गर्नेहरुलाई नगद र प्रमाणपत्रसहित सम्मान गरिएको थियो। लोगोका लागि मुसिकोट ४ का हरिप्रसाद छन्तेल, मुसिकोट ३ का शालिकराम खत्री, रेसुङ्गा नगरपालिकाका राजकुमार सुनार, मुसिकोट ८ का मधुसुधन लोहनी, रेसुङ्गा ८ का ईश्वर विक र सत्यवती ३ का हेमन्त रानाले प्रस्ताव पेस गरेका थिए।

# उज्यालो गाउँ बन्यो पोखरी

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २२ फागुन

जुम्लाको पोखरी गाउँमा उज्यालोका लागि राष्ट्रिय प्रसारण लाइन कुर्न नपर्ने भएको छ।

तिला गाउँपालिका ७ स्थित पोखरी गाउँलाई राष्ट्रिय प्रसारण लाइन नजोडिकनै उज्यालो गाउँ घोषणा गरिएको हो।

तीन करोडभन्दा बढीको लागतमा सौर्य ऊर्जाबाट विद्युत विस्तार भएसँगै पोखरी गाउँलाई शनिबार उज्यालो गाउँ घोषणा गरिएको हो। कर्णाली प्रदेश सरकारका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले रिबन काटेर उज्यालो गाउँ घोषणा गरेका हुन्। यो गाउँ जनयुद्धकालीन माओवादी हेडक्वार्टर रहेको थियो। स्थानीय सरकारको समन्वय र पूर्वकानुनमन्त्री भण्डारीको पहलमा ५० किलोवाट क्षमताको सौर्य ऊर्जा जडान भएको हो।

बिजुलीले गाउँ झिलिमिली बनेपछि स्थानीयवासी हर्षित भएका छन्। गाउँपालिकाको ३० लाखसहित तीन करोड एक लाख ८८ हजार रुपैयाँमा सौर्य ऊर्जा जडान गरिएको



गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिएका छन्। विद्युत् सेवा नहुँदा यहाँका स्थानीय सल्लाको दियालोको भरमा अन्धकारमा बस्न बाध्य थिए। अब बिजुली आएपछि स्थानीयले अन्धकारबाट छुटकारा पाएको भन्दै खुशी व्यक्त गरेको पोखरी सौर्य ऊर्जा उपभोक्ता समितिका सचिव गोविन्द रोकायाले मध्यान्हलाई बताए। पोखरी र गोठी गरी एक सय २० घरधुरीमा बिजुली बालिएको छ।


## Annapurna Rural Municipality
### Office of Rural Municipal Executive
Machhapokhari, Kaski

## Invitation for Electronic Bids

**Date of first Publication: March 07, 2023 (2079/11/23)**

1. Annapurna Rural Municipality, Office of Rural Municipal Executive invites Electronic Bids from eligible bidders for following projects.

| Name of Project &Contract ID. | Price Of Bid Document | Estimated Amount Including VAT &PS(Nrs.) | Last Date, Time of bid Submission and Opening | Bid Security Amount & Bid Security Validity Period | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|
| Ghandruk Water Supply Project, ARM-10,11 &ARM/ W/ NCB/Ws/ 2079/80-10 | NRs.3000 | 1,05,81836.65 | 2023-04-06 at or before 12:00 hrs and 13:00 hrs Respectively | NRs.2,65,000/- & 120 days | Bank :Nic Asia Bank Ltd Naundada Account No: 1812050028919002 Account name: Annapurna Rural Municipality, & Bid security A/c number I-1-CA-051-227-85-2405 |

2. Eligible Bidders may obtain further information from the (website: https://annapurnamunkaski.gov.np/ ) Annapurna Rural Municipality, Office of Rural Municipal Executive, Machhapokhari Kaski or may download bidding document from PPMO's e -GP system www.bolpatra.gov.np/egp under name of Annapurna Rural Municipality, Office of Rural Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned Date & time.

**Chief Administrative Officer**


# तीन महिनादेखि बेपत्ता युवकको शव भेटियो

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ फागुन

तीन महिनादेखि बेपत्ता हुम्लाका एक युवकको शव भेटिएको छ।

खार्पुनाथ गाउँपालिका-४ को नल्न गाउँका २८ वर्षीय श्रीराम शाहीको शव आइतबार (फागुन २१ गते) बेलुका भेटिएको हो।

प्रहरी र आफन्तले लगातार खोजी गर्ने क्रममा सर्केगार्ड गाउँपालिका -२ को उनापानीस्थित कर्णाली नदीको किनारमा शव फेला पारेको प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिएका हुन्। शाही गत मंसिर १४ गते देखि बेपत्ता रहेका थिए।

शाही बेपत्ता भएको तेस्रो दिन मङ्सिर १६ गते मृतक शाहीका दाइ कालीबहादुर शाहीले खोजीका लागि अस्थायी प्रहरी चौकी याङ्चु बजारमा निवेदन दिएका थिए। उनापानीको कर्णाली नदी किनारमा बेपत्ता शाहीको शव भेटिएको मृतकका आफन्त सुरेन्द्र शाहीले जानकारी दिए। शव भेटिएको जानकारी पाएलगत्तै प्रहरी निरीक्षक दीपक मल्लको नेतृत्वमा प्रहरी घटनास्थल पुगेको थियो। आफन्तले शव शाहीकै भएको पुष्टि गरेका छन्। शाही घरबाट खच्चडमा सामान ढुवानी गरेर ल्याउन सलीसल्लातर्फ जाँदैगर्दा बेपत्ता भएका थिए।







## Shuklaphanta Municipality
## Office of Municipal Executive
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**

## Invitation for Bids

**(First Date of Publication: 2079/11/23 [2023-03-07])**

1. The Shuklaphanta Municipality has received as grant from Federal Government with fifty percent matching of this municipality and invites for the procurement of the following works to the Eligible Bidders.

| Contract ID | Description | Bid Document Fee NRs | Bid Bond Security NRs | Bid Bond Security Validity | Remarks | Date And Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| SMP/079-80/ NCB/WSP/22 | Construction of Water Supply Project for Shuklaphanta Municipality ward no 2, near miteri pool | 5,000.00 | 20,00,000.00 | 120 days | (NCB) Single Stage Two Envelope Bidding procedures | 2079/12/23 (2023-April- 06) 13:00 PM |

2. Only eligible bidders with the following key qualifications should participate in this bidding:
- Minimum Average Annual Construction Turnover of the best three years within the last ten years: Rs. 7,92,78,330 .17
- Minimum Work experience of similar size and nature: Rs. 36997,611.12

| Information to deposit the cost of bidding document in Bank | Bid security amount should be deposited at : |
|---|---|
| • Name of the Bank: Everest bank ltd, Jhalari branch, kanchanpur • Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA • Office Account No.: 05910106200002 | • Name of the Bank: Everest bank ltd, Jhalaari branch, kanchanpur • Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA • Office Account No.: 05910106200016 |

मध्यान्ह
www.madhyanhadaily.com
२३ फागुन २०७९, मंगलबार
7 March 2023, Tuesday

## सम्पादकीय

### फर्किएको अवसर

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आइतबार विश्वासको मत पाएका छन् । नेकपा माओवादी केन्द्र र नागरिक उन्मुक्ति पार्टीले अडान छोडेर मत दिएपछि मुख्यमन्त्री शाहले आफ्नो पद सुरक्षित गरेका हुन् । पुस २७ गते मुख्यमन्त्री नियुक्त नेकपा एमालेका नेता राजेन्द्रबहादुर रावलले विश्वासको मत नपाएपछि २६ माघमा शाह मुख्यमन्त्री बनेका थिए । नेपाली कांग्रेसका नेता शाहलाई प्रदेश प्रमुख देवराज जोशीले सबैभन्दा ठूलो दलको नेताका हैसियतमा मुख्यमन्त्री नियुक्त गरेका थिए । तर चुनाव लगत्तै सरकार बनाउन एमालेलाई साथ दिएको माओवादी केन्द्रले आलोपालो मुख्यमन्त्री निश्चित नभएसम्म विश्वासको मत नदिने अडान लिएको थियो । नाउपाले पनि पार्टीका संरक्षक रेसम चौधरी लगायतलाई रिहाइ गर्नुपर्ने पुरानै माग पूरा नभएको भन्दै विश्वासको मत दिएको थिएन । तर माओवादी केन्द्र र नाउपाले विश्वासको मत दिएसँगै मुख्यमन्त्री शाहको पद जोगिएको छ ।

सुदूरपश्चिम प्रदेश सरकार निर्माणको यो चक्रलाई अहिलेको राष्ट्रिय राजनीति बुझाउने प्रतिनिधि घटनाका रूपमा हेर्न सकिन्छ । किनकि राष्ट्रिय राजनीतिमा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन बदलेपछि सुदूरपश्चिम प्रदेशकै जस्तो अवस्था सबैतिर दोहोरिदैछ । पहिले एमालेसँगको भागबण्डामा सबैतिर सरकार बनेकाले अब कांग्रेससँग भागबण्डा गर्नुपर्नेछ । बदलिएको सत्ता गठबन्धनले राष्ट्रपतिको चुनावपछि सत्ताको बदलिएको संरचनालाई पूर्णता दिने तयारी गरिरहेको छ । यी संभावित घटनाले राजनीतिक अस्थिरताकै प्रतिनिधित्व गर्छ । तर राजनीति गलत कोर्सतिर जाँदा पनि राजनीतिक नेतृत्वलाई भने नयाँ अवसर आएको छ ।

किनकि यसअघि एमाले नेतृत्वको गठबन्धनबाट सत्ताको भागबण्डा गर्दा भएका नियुक्तिहरू लगभग पूर्णतः असमावेशी छ । सातै प्रदेशका मुख्यमन्त्री पुरूष छन् । जातीय प्रतिनिधित्वका हिसाबले पनि सन्तुलन देखिएको छैन । प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभा अध्यक्ष मात्रै नभएर २५ फागुनमा हुने निर्वाचनबाट आउने राष्ट्रपति पनि समावेशी हुने आधार बलियो छैन । यस्तो बेला प्रधानमन्त्री प्रचण्ड र सत्ता गठबन्धनलाई संविधानले व्यवस्था गरेबमोजिम राज्यका महत्वपूर्ण निकायमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने अवसर पनि एकपटक आएको छ । राष्ट्रपतिको चुनाव आइसकेकाले उक्त पदबारे अब दलहरूले पुनरावलोकन गर्न सक्दैनन् । तर प्रदेशको नेतृत्वदेखि संघीय सरकारका मन्त्रीहरू चयनमा समेत समावेशी बनाउने अवसर फेरि एकपटक आएको छ । त्यो अवसरलाई निराशामा नबदल्नु राजनीतिक इमान्दारीता मात्रै नभएर संवैधानिक व्यवस्थाको कार्यान्वयन पनि हो ।

# विश्वविद्यालयका कक्षाकोठामा ‘लोकतन्त्र’

*हाम्रा विश्वविद्यालयहरूले आज्ञाकारी र नोकरशाही उत्पादन वर्षौंदेखि गर्दै आएका छन् ।*
*एवम् रितले मेशिनरी पार्टपुर्जाहरू उत्पादन गर्ने काम हाम्रा विश्वविद्यालयहरूका मूख्य पेशा नै भएको छ ।*

अग्रलेख



● निष्णु थिङ

विश्वविद्यालय दुनियाँका अहिलेसम्म उपलब्ध रहेका सबै ज्ञान मीमांसाको संश्लेषण गर्ने थलो हो । मानवजातिले हासिल गरेका सबै ज्ञानविज्ञानको बारेमा बौद्धिक विश्लेषण र थप नयाँ ज्ञानको खोजीको लागि विश्वविद्यालयमा काम गर्ने गरिन्छ । सबैखाले ज्ञानको केन्द्र नै अचेल विश्वविद्यालय हुने गरेको छ । त्यस्तो ज्ञानको केन्द्रमा लोकतन्त्रको अवस्था चाहिँ कस्तो छ ? विशेषगरी, नेपालको सन्दर्भमा यसको विवेचना गर्न आवश्यक छ । भर्खरै आमनिर्वाचन सम्पन्न भएको छ, के पाँच वर्षमा एकपटक मत दिने कार्य नै लोकतन्त्र हो त ? लोकतन्त्रलाई पाँच वर्षमा एक पटक गरिने मत लगानीको घेरामा सीमित गरिनु हुँदैन । लोकतन्त्र त फराकिलो र व्यापक छ । यसै सेरोफेरोमा नेपालका विश्वविद्यालयमा लोकतन्त्रको स्थितिबारे विमर्श गरौं ।

प्रत्येक आमनिर्वाचनहरुमा मत हाल्ने काम हुँदै गएपनि हाम्रो समाजमा लोकतन्त्र साँघुरिँदै गइरहेको छ । विश्वका सबैभन्दा ठूला लोकतान्त्रिक भनिने देश भारतमा अहिले लोकतन्त्र भाजपाको लागि मात्रै छ । भाजपाको हिन्दू राष्ट्रवादी र कट्टरपन्थी विचारसित असहमति राख्ने वा विश्वस्त नहुने जोकोहीका लागि त्यहाँ लोकतन्त्र केवल ‘लिप सर्भिस’ हुँदै आएको छ । समाज र राज्यका सबै अवयवहरुको तीव्र गतिमा अलोकतान्त्रिकरण र दलीयकरण भइरहेको छ । समाज र राष्ट्रमा लोकतन्त्र फस्टाउन र फैलिँदै जरा गाड्न त विश्वविद्यालयका कक्षा कोठामा लोकतन्त्र अभ्यास हुन जरुरी छ । जति धेरै मात्रामा लोकतन्त्रको अभ्यास विश्वविद्यालयका कक्षा कोठामा हुन पाउँछ समाजमा त्यसको हाँगाबिँगा फैलिन पाउँछ ।

लोकतन्त्रको पहिलो शर्त हो, प्रश्न गर्न पाउनु र विना डर त्रास निर्धक्क प्रश्न गर्न पाउने वातावरण सृजना हुनु । प्रश्नको उत्तरमा चित्त नबुझे त्यसमा स्वस्थ बहस विमर्श गर्न पाउनु । हाम्रा विश्वविद्यालयका कक्षा कोठामा के वास्तवमा प्रश्नहरुलाई स्वागत गरिन्छ ? के विद्यार्थीहरुलाई प्रश्न गर्न प्रोत्साहित गरिन्छ कि निरुत्साहित गरिन्छ ? ज्ञानको मीमांसा गर्ने, नयाँ-नयाँ विषयहरुमा अध्ययन, अनुसन्धान गर्ने र नयाँ ज्ञानको उत्पादन गर्ने विश्वविद्यालयमा नै हो । प्रश्नहरुले नै नयाँ आविष्कार र नवप्रवर्तनको ढोका खोल्ने गर्छ । सर आइज्याक न्युटनले स्याउ बोटबाट तल किन भूइँमै खस्छ ? भन्ने प्रश्न आफैंले आफैलाई नसोधेको भए, के गुरुत्वाकर्षणको सिद्धान्त पत्ता लाग्थ्यो ? त्यस्तै राइट ब्रदर्सले चराहरु कसरी उड्छन् ? के मानिस त्यसरी चरा जस्तै उड्न सक्दैनन् ? स्टिभ जब्स्ले सूर्यमुखी फुलको गुणको बारेमा प्रश्नहरु सहित अध्ययन नगरेका भए एप्पल डिभाइसको आविष्कार हुन सकिन्थ्यो ? यस्तै प्रश्नहरु नगरेका भए अहिलेको नवीन आविष्कार, सूचना प्रविधिमा विश्वले यति चाँडै फड्को मार्न सक्थ्यो ? के मानव सभ्यता यहाँसम्म आउन सक्थ्यो ?

हाम्रा विश्वविद्यालयहरुमा सामान्यतः प्रश्नहरुलाई त्यति हार्दिकताका साथ लिइँदैन । शिक्षक र प्राध्यापकको पहिलो काम नै प्रश्न सोध्ने विद्यार्थीको सोच र प्रवृत्तिलाई प्रारम्भमै बन्ध्याकरण गर्ने खालको छ । प्रश्न सोध्ने विद्यार्थीलाई बढ्ता जान्ने भएको भनेर अपमान गरिन्छ । विद्यार्थीको नयाँ-नयाँ विषयको बारेमा जान्ने उत्सुकता नै मर्नेगरी शिक्षकले कक्षा कोठामा आफ्ना सहपाठीहरुको अगाडि होच्याउने, उडाउने काम गर्छन् । आफ्ना सहपाठीलाई त्यसरी सबैको सामुन्ने अपमान गरेको दृश्य प्रत्यक्ष देखेकाहरुले शिक्षकलाई प्रश्न गर्ने हिम्मतै गर्न सक्दैनन् । विद्यालयको आँगनमा गएकै दिनदेखि विद्यार्थीको प्रश्न गर्ने क्वालिटीलाई (क्षमता) शिक्षक र विद्यालयका वातावरणले निरुत्साहित गर्दै घनले हिर्काउँछ (ह्याम्मरिङ) । त्यसरी शिशु कक्षादेखि विश्वविद्यालयको तहसम्म घनले हिर्काउदा हिर्काउदाती विद्यार्थी विश्वविद्यालयबाट प्रमाण-पत्र लिएर समाजमा आउँदा भुत्ते भएर निस्कन्छ । सानैदेखि प्रश्न गर्न दुरुत्साहन गर्ने वातावरण र वर्षौंको घनको हिर्काइ सहँदै आएको व्यक्तिमा निहित सृजनशीलता बाँझोपनमा परिणत हुन जान्छ ।

हुन त फलामलाई निश्चित आकारमा ढालेर धारिलो बनाउन घनको हिर्काइ आवश्यक रहन्छ तर, हाम्रा विश्वविद्यालयमा विद्यार्थीको व्यक्तित्व नै ध्वस्त हुनेगरी ह्याम्मरिङ भइरहेको छ । विश्वविद्यालयको कक्षा कोठामा विद्यार्थीको व्यक्तित्व प्रस्फुटन गराउनभन्दा संकुचन गराउने कार्य हुँदैछ । विश्वविद्यालयबाट त्यस्तो बाँझो दिमाग लिएर समाजमा आएका ती व्यक्तिहरुले समाजलाई खासै नयाँ ज्ञान, प्रविधि र आविष्कार दिन सक्दैनन् । एक प्रकारले हाम्रा विश्वविद्यालयहरुले आज्ञाकारी र नोकरशाही उत्पादन वर्षौंदेखि गर्दै आएका छन् । एवम् रितले मेसिनरी पार्टपुर्जाहरु उत्पादन गर्ने काम हाम्रा विश्वविद्यालयहरुका मुख्य पेशा नै भएको छ ।



*समाज र राष्ट्रमा लोकतन्त्र फस्टाउँन र फैलिँदै जरा गाड्न त विश्वविद्यालयका कक्षा कोठामा लोकतन्त्र अभ्यास हुन जरूरी छ । जति धेरै मात्रामा लोकतन्त्रको अभ्यास विश्वविद्यालयका कक्षा कोठामा हुन पाउँछ, समाजमा त्यसको हाँगाबिँगा फैलिन पाउँछ ।*

केही वर्षदेखि पुनः सेमेष्टर प्रणालीमा हाम्रा विश्वविद्यालहरु गएका छन् । सबै प्रणालीका आ-आफ्नै फाइदा र बेफाइदाहरु हुन्छन् नै । हाम्रा सबैभन्दा जेठो त्रिभुवन विश्वविद्यालय पहिला किन समेष्टरबाट वार्षिकमा आए र अहिले किन वार्षिकबाट एकाएक सेमेष्टरमा गए ? त्यसमा पर्याप्त बहस भएन, हुन सकेन । समेष्टर प्रणालीमा लैजान दाताहरुको प्रत्यक्ष प्रभाव रहेकोमा दुविधा छैन । तुलनात्मकरूपमा प्रश्न गर्ने वातावरणको दृष्टिकोणले वार्षिकभन्दा सेमेष्टर प्रणाली प्रतिकुल देखिन्छ । सेमेष्टर प्रणालीमा आन्तरिक मूल्यांकनलाई विशेष महत्व दिइएको हुन्छ । कक्षा शिक्षकले निश्चित आन्तरिक मूल्यांकनमा विद्यार्थीलाई ग्रेडिङ गर्छन् वा अंक प्रदान गर्छन् । उदाहरणको लागि त्रिविमा आन्तरिक ४० प्रतिशत र बोर्ड ६०, पोविविमा आन्तरिक ६० प्रतिशत र बोर्ड ४० प्रतिशतमा अंकभार विभाजन गरिएको हुन्छ । आन्तरिक मूल्यांकनमा टर्म पेपर, पुस्तक समीक्षा, प्रस्तुतीकरण, मिड टर्म र इण्ड टर्म हुन्छन् । ती आन्तरिक परीक्षामा शिक्षकले कम ग्रेडिङ गर्छ कि भन्न त्रासले विद्यार्थीले कक्षामा प्रश्न गर्न हिम्मत गर्दैनन् । कतिपय शिक्षकले त विद्यार्थीहरुलाई पहिलो दिनदेखि नै डोमिनेट गर्छन् र मनोवैज्ञानिक रूपमा त्रसित र आतकिंत बनाउँछन् । विद्यार्थीले प्रश्न गर्दा रिसाउने गर्छन् र प्रत्युत्तरमा कतिपयले तीखो जवाफ दिन्छन् । त्यसैले, शिक्षक रिसाउँलान् र आफूलाई कम अंक वा ग्रेड दिइएला भन्ने डरले कक्षामा शिक्षकलाई प्रश्न गर्नुभन्दा उनको भक्त बन्नमै आफ्नो कल्याण देख्छन् । त्यसकारण उनीहरु कक्षामा केवल असल भक्तजन, दर्शक र प्रशंसक बन्छन् । शिक्षकले जे पढाए पनि जसरी पढाए पनि जस्तो पढाए पनि उनैको जयजयकार गर्छन् ।

दक्षिण एसियामा प्राचीनकालदेखि गुरुकुल परम्परा रहँदै आएको छ । गुरुकुल परम्परामा गुरु नै सर्वेसर्वा हुने भएकोले गुरुलाई प्रश्न गर्ने कसैले आँट गर्दैनन् । अनावश्यक, गुरुद्वारा दण्डित हुनभन्दा असल चेला बन्ने ध्याउन्नमा विद्यार्थीहरु केन्द्रित हुन्छन् । विद्यार्थीले शिक्षकको हनुमान बन्नुमै आफ्नो कल्याण देख्छन् । डोरबहादुर विष्टले ‘विकास र भाग्यवाद’ पुस्तकमा नेपाली समाजको चाकरी गर्ने सामन्ती संस्कारलाई गहिरोसित विश्लेषण गरेको छ । त्यस्तै, विश्वविद्यालयको कक्षामा पनि विद्यार्थीले शिक्षकलाई चाकरी, जी, हजुरी गर्नैपर्ने जबर्जस्त वातावरण तयार पारेको छ । जसले प्रश्न सोध्छन्, तिनले आफ्नो अपमान गरेको शिक्षकले ठान्छन् । तिनले आफ्नो सम्मान नगरेको र चाकरी नगरेको ठान्ने प्रवृत्तिले गर्दा कक्षा कोठामा विद्यार्थीको लोकतन्त्र धरापमा छ । विद्यार्थी र शिक्षकको सम्बन्ध शासक र शासित (रुलर एण्ड रुल्ड) को जस्तो छ । हाम्रा शिक्षक र प्राध्यापकहरु गभर्नर जस्तो व्यवहार विद्यार्थीलाई गर्छन् । यस्तो सम्बन्धको धरातलले गर्दा पनि कक्षा कोठामा लोकतन्त्रको अभ्यास विद्यार्थीले गर्न पाउँदैनन् ।

विद्यार्थीहरु निरीह हुन्छन्, कक्षा कोठामा निष्क्रिय बस्छन् । विद्यार्थी जति निष्क्रिय बस्छन्, सिकाइको गुणस्तर बढ्न सकिँदैन । अहिले पनि विश्वविद्यालयमा लेक्चर विधिमै पढाइन्छ । यो विधिको कारणले पनि विद्यार्थी प्यासिभलिस्नर (निष्क्रिय स्रोता) बन्न बाध्य हुन्छन् । घण्टौंसम्म शिक्षकको लेक्चर सुनेर बस्नु पर्दा कक्षा कोठा पट्यार लाग्दो हुन्छ । एकोहोरो लेक्चर सुनिरहँदा विद्यार्थी मानि लिऔं बोरा हो, जहाँ मुख खोलेर सामान हाल्ने कार्य नै शिक्षकको प्रमुख धर्म हो । आजको सूचना र प्रविधिको जमानामा पनि शिक्षकको घण्टौं लेक्चर सुन्नपर्ने बाध्यताले गर्दा पनि विद्यार्थीमा बाँझोपन वृद्धि भइरहेको छ । कुनै सृजनात्मकता र आलोचनात्मक चेत(क्रिटिकल थिंकिङ) को विकासमा यस्तो भाषण विधिले खासै योगदान गर्दैन । कक्षा कोठामा यस्तो लेक्चर सुन्दा लाग्छ कि गुगल गुरुभन्दा पनि भेट्रान गुरुले बोल्दैछ ।

हाम्रो विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति दक्ष र सृजनशील नहुनका कारण यस्तै विद्यार्थीले आफ्नो कक्षाकोठामा लोकतन्त्रको अभ्यास गर्न नपाउनको कारणले पनि एक हो । त्यही कारणले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय फोरममा हाम्रा विद्यार्थीले प्रतिस्पर्धा गर्न सकेका छैनन् । हाम्रा विश्वविद्यालयका कक्षाकोठामा लोकतन्त्रको प्रत्याभूत नहुनुमा शिक्षकहरुमा प्राज्ञिक इमानदारिताको अभावले गर्दा पनि हो । विद्यार्थीका हरेक प्रश्नको ज्ञान शिक्षकमा नहुन सक्छ । त्यस्तो अवस्थामा यो मेरो विज्ञताको क्षेत्र होइन, यससम्बन्धीको विज्ञसित सम्पर्क गर्न विद्यार्थीलाई प्रोत्साहित गर्नुभन्दा हकार दकार गर्ने कारणले गर्दा पनि विद्यार्थीहरु आफ्नो लोकतन्त्रको अभ्यास गर्न चाहँदैनन् । त्यस्ता कक्षाकोठाबाट उत्पादित जनशक्ति नै समाजको विभिन्न क्षेत्रमा आबद्ध हुन्छन् । समाज र देशको नेतृत्व पनि तिनैले विस्तारै गर्दै जाँदा त्यसको असर पनि क्रमशः देखापर्दै जान्छ । तसर्थ, समाज र राष्ट्रमा लोकतन्त्रको विरुवा हुर्कनका लागि विश्वविद्यालयका कक्षा कोठामा अभ्यास हुने लोकतन्त्रले महत्वपूर्ण स्थान राख्छ । उन्नत लोकतन्त्रका लागि विश्वविद्यालयका कक्षाकोठामा लोकतन्त्र सुनिश्चित हुन अति आवश्यक छ । त्यसको लागि शिक्षकहरु मात्रै लोकतान्त्रिक भए पुग्छ ।

*(लेखक नीति अनुसन्धान प्रतिष्ठानमा विज्ञको रूपमा आबद्ध छन् ।)*

## सामाजिक सञ्जाल



**- पुरूषोत्तम ढुंगेल**

देशमा अख्तियार अनुसंधान आयोग र अदालत दुबै सेटिङ्गमा चलायमान छ । कुनैबेला कसैलाई पनि थुन्ने र छाड्ने आदेश दिनसक्छ । किनकि देशमा सबैभन्दा भ्रष्ट र बेइमान संरचना यही बनेको छ । यो दुई निकायले इमानदार भएर कारबाही गर्ने हो भने भ्रष्ट, हत्यारा, बलात्कारी र ठगहरू सदनमा होइन नख्खुमा हुन्थे ।



**- डम्मर खतिवडा**

शान्ति प्रक्रियाका बाँकी कार्यभारबारे बामपन्थी र दक्षिणपन्थी दुबै प्रकारका बयानबाजी र क्रियाकलाप निन्दनीय छन् । तर, फेरि पनि सत्य तथ्य बृहत् शान्ति सम्झौता भएको १६ वर्ष बढी समय भइसक्दा पनि पूरा नगरेको कस्ले हो ? आफ्नै घाँटीमाथि नाङ्गो तलबार झुन्डाएर राखेको कस्ले हो ?



**- इन्दिरा अधिकारी**

करिव १७ हजारमध्ये, विद्रोही नेताका हैसियतले पाँच हजारको जिम्मा लिन्छु भन्नेलाई मुद्दा हाल्ने र बाँकी १२० हजार बेवास्ता गर्नु संक्रमणकालिन न्याय सिद्धान्तको मुलमर्म विपरित देखिन्छ । द्वन्द्व व्यवस्थापनअन्तर्गत बनेको संविधानबाट स्थापित अदालत पनि यस्मा सचेत, संवेदनशील, जिम्मेवार बन्नैपर्ने होला !



**- किशोर पौडेल**

न्यायपालिका पनि अड्काएर राख्ने लाइनमा देखियो । तत्कालिन न्यायाधीशहरू कल्याण श्रेष्ठसहितको बेञ्चबाट द्वन्दकालिन मुद्दालाई हेर्ने र त्यसको सीमा प्रष्ट हुनेगरी व्याख्या भएको छ । पटक पटक राज्यले यही कामका लागि बनाएका संरचनालाई कामै गर्न दिइँदैन । अनि कसरी हुन्छ ?



**- रमेशनाथ पाण्डे**

नेपाललाई सामरिक चक्रब्यूहभित्र राख्न प्रतिस्पर्धा गरिरहेका शक्तिहरूसँगको सम्बन्धमा राजनीति ध्रुविकृत हुनु दूर्घटना नजिकिन थालेको जनाउ हो । यसलाई रोक्न सट्टा सरकारले जनतालाई प्राणघातक भारतीय तरकारी खान बाध्य पारेर भारतलाई रिझाउन 'तरकारी कूटनीति' सञ्चालन गर्नु खेदजनक छ ।

# कसरी रोक्ने भ्रष्टाचार ?

विचार



● ईश्वरचन्द्र ज्ञवाली

*भ्रष्टाचार अपराध हो । भ्रष्टाचार पाप पनि हो । भ्रष्टाचार अनैतिकता र पशुता पनि हो । यो अमानवीय राक्षसी प्रवृत्ति पनि हो । भ्रष्टाचारी देशको शत्रु हो । जनताको शत्रु हो । पापी र अपराधी पनि हो । भ्रष्टाचार गर्नेहरुप्रति घृणा, तिरष्कार, बहिष्कार, अपमान, सामाजिक हेय नगरेसम्म तिनलाई सधैं प्रोत्साहन मिलिरहेको हुन्छ ।*

देशमा भ्रष्टाचारको जगजगी भो ! भ्रष्टाचारका कारण देश नै उँधो लागेको छ । भ्रष्टाचारले देशलाई खोक्रो-खोक्रो र खोस्टो बनाएको छ । कर्मचारीतन्त्र पनि सुध्रिँदै नसुध्रिने अवस्थामा पुगेको छ । घुस, कमिसन, अनियमितता, बेरुजु, नीतिगत दोहन, अनैतिक कमाइ भ्रष्टाचारको स्वरुप बनेको छ । अनुगमन नियमन नियन्त्रण गर्ने निकाय नै भ्रष्टाचारलिप्त भएपछि वा अख्तियार नै भ्रष्ट र निकम्मा भएपछि प्रशासनिक क्षेत्र छाडा छोडेका साँढे हुनु अस्वाभाविक पनि हैन ।

आज तस्करी, कालोबजारी, करछली, नक्कली बिलमा राजस्व ठगीको त के हिसाब होला र ? यस्तै कुकर्मकै कारण हो कि राजस्व उठ्न न्यून भएको छ । बजार अनियन्त्रित छ र छाडा छ जसले जति महँगो गरेर सामान बेचे पनि र ग्राहकलाई ठगे पनि कारबाहीको विधि र क्रिया नै नभए पछि कसले के गर्छ र ? गुणस्तरमा त्यस्तै ठगी छ र नक्कली सामानको मूल्य ब्राण्डेड बनाएर लिइन्छ ।

भ्रष्टाचार अपराध हो । भ्रष्टाचार पाप पनि हो । भ्रष्टाचार अनैतिकता र पशुता पनि हो । यो अमानवीय राक्षसी प्रवृत्ति पनि हो । भ्रष्टाचारी देशको शत्रु हो । जनताको शत्रु हो । पापी र अपराधी पनि हो । भ्रष्टाचार गर्नेहरुप्रति घृणा, तिरष्कार, बहिष्कार, अपमान, सामाजिक हेय नगरेसम्म तिनलाई सधैं प्रोत्साहन मिलिरहेको हुन्छ । जसले सबैभन्दा धेरै भ्रष्टाचार गरेर कमाउँछ समाजले त्यसैलाई उदाहरण दिएर प्रगति गरेको भन्दै उसैको इज्जत, मान, सम्मान गर्ने निकृष्ट संस्कार समाजमा छ । घुस खुवाएर काम बनाउनेलाई बहादुर र सक्षम मानिन्छ । यस्तो सोंच, प्रवृत्ति, संस्कार, संस्कृति, चरित्रविरुद्ध सामाजिक जागरण नउठाए भ्रष्टाचार र यो बेथिति कम हुन गाह्रो छ । हाम्रो मानसिकतामा परिवर्तन चाहिएको छ भने अनैतिक भ्रष्टाचारविरुद्ध सशक्त संघर्ष अनिवार्य गर्नुपर्छ । देशद्रोही, जनद्रोही, अपराधी, पापी, दुष्ट, अनैतिक र अमानव भ्रष्टाचारीहरुलाई पहिलो काम घृणा, तिरष्कार र बहिष्कार गर्ने कुराबाट यसको शुरुवात गर्नुपर्छ । नाकमुख देखाउन पनि नसक्ने र ठाडो शिर गरेर हिँड्न नसक्ने बनाउनु पर्छ । तर, हाम्रो समाजमा उल्टै मान-सम्मान गरेर पुरस्कार दिइएको छ ।

भ्रष्टाचारीलाई खोजीनीति गर्ने, दण्डित गर्ने, नसिहत दिने, कारबाही गर्ने कामसम्म सरकारले कडाइपूर्वक सञ्चालन गरे पनि केही त कम जरुर हुन्छ । यसमा प्रतिबद्ध र कठोर भएर लाग्ने हो भने गर्न नसकिने के छ र ? सबैभन्दा बढी भ्रष्टाचार हुने क्षेत्र भन्सार, नापी-मालपोत, कर, यातायात व्यवस्था, एयरपोर्ट, अनुदान कार्यालय, लेखा कार्यालय, अदालत आदि हुन् । तर, अख्तियार त्यता कहिल्यै ध्यान दिइँदैन । अनि कसरी भ्रष्टाचार रोकिन्छ र ? आज सरकारको रवैयाको कारण पनि सुशासन भन्ने पनि गफै मात्र होला जस्तो भएको छ ।

निष्कर्षमा, कानून मात्रै बनाएर भ्रष्टाचार रोकिँदैन । नेतृत्वमा पुग्नेले इमानदारिताका साथ आफ्नो कर्म गर्ने र नगर्नेलाई कारबाही गर्ने नीति जबसम्म लिइँदैन तबसम्म सबै कुरा यथावत नै रहनेछन् । अर्कोतर्फ, नेतृत्वमा पुग्नेलाई घच्घचाउने भूमिका आम नागरिकको हो । आम नागरिकले प्रश्न सोध्ने र कारबाहीका लागि दबाब दिने काम गर्नुपर्छ । नागरिकले भ्रष्टाचार हुन नदिए, भए कारबाहीको लागि पहल गर्ने भूमिका खेल्नुपर्छ ।

## तपाईंको राशिफल

- मेष : शत्रु सक्रिय हुनेछन् । त्यसकारण हिँड्दा सावधानी राख्नुपर्छ ।
- वृष : नयाँ सम्पर्क बढ्नेछ र यशमा वृद्धि हुनेछ ।
- मिथुन : राजनैतिक कार्य सफल हुनेछन् । वाणी संयम् राख्नुपर्छ ।
- कर्कट : अर्काको विवादमा पर्नु हुँदैन । व्यापारमा वृद्धि हुनेछ ।
- सिंह : आध्यात्मिक यात्रा हुने योग छ । भूमिसम्बन्धी कार्यमा लाभ मिल्नेछ ।
- कन्या : स्वास्थ्य लाभ र दीदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।
- तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।
- वृश्चिक : आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि होला ।
- धनु : शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धिको योग छ ।
- मकर : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।
- कुम्भ : मांगलिक कार्यमा सहभागि हुने अवसर मिल्नेछ । खानपानमा भने ध्यान दिनुहोला ।
- मीन : पारिवारिक सहयोग प्राप्त हुने योग छ । तथापी, अनावश्यक खर्च हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# बंगलादेशको रोहिंग्या शिविरमा भीषण आगलागी, दुई हजार घर जलेर नष्ट



**काठमाडौं/एजेन्सी–** बंगलादेशस्थित रोहिंग्या शरणार्थी शिविरमा भीषण आगलागी भएको छ। कक्स बजारमा रहेको ११ नम्बर शरणार्थी शिविरमा आगलागीबाट कम्तीमा दुई हजार घर टहरा जलेर नष्ट भएका छन्। आगलागीबाट हजारौं शरणार्थी बासविहीन बनेका छन्। ३५ वटा अस्थायी मस्जिद र १२ वटा प्रारम्भिक सिकाई केन्द्रहरु पनि जलेर नष्ट भएको बताइएको छ। बंगलादेशको दक्षिण पूर्वमा रहेको यो शिविरमा लागेको आगलागीका कारण १२ हजार मानिस घरबारविहीन भएका छन्।

अधिकारीहरुका अनुसार कक्स बजारमा लागेको आगो नियन्त्रणमा आएको छ र ठूलो क्षतिको अनुमान गरिएको छ। आगलागीको यो घटनामा कुनै मानवीय क्षति भएको खबर छैन। आगलागीको कारण पनि खुल्न सकेको छैन।

आगलागीको कारण थाहा हुन सकेको छैन। तर उक्त घटनामा कोही पनि हताहत भने भएनन्। कसैले जानीजानी लागो लगाएको हो कि भनेर प्रहरीले छानबिन गरिरहेको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार एक व्यक्तिलाई नियन्त्रणमा लिइएको छ।

एक अधिकारीका अनुसार स्थानीय समयानुसार आइतवार दिउँसो २:४५ बजे शुरु भएको आगोले केही बेरमै बाँस र तिरपाल भएको शिविरलाई ध्वस्त बनायो। खाना पकाउने ग्यासका कारण आगो चाँडै फैलिएको बताइएको छ।

'झण्डै दुई हजार वटा टहराहरू जले अनि जबर जस्ती विस्थापित भएका १२ हजार जनाजति म्यान्मारी नागरिकहरू आश्रयविहीन बन्न पुगे,' बंगलादेशको शरणार्थी मामिला हेर्ने एक अधिकारी मिजानुर रहमानले समाचारसंस्था एएफपीलाई बताए।

आईएफआरसीका हृषीकेश हरिचन्दनले शरणार्थी शिविरमा 'ठूलो क्षति' पुगेको बताए। उनका अनुसार आगलागीका कारण पानी वितरण र परीक्षण गर्ने साधनहरू पनि प्रभावित भएका छन्। 'मेरो टहरो जल्यो। मेरो पसले पनि जल्यो,' ३० वर्षीय ममुन जोहरले एएफपीलाई भने, 'आगोले मेरो सबै थोक ध्वस्त पार्‍यो, सबै थोक।'

गत वर्ष जनवरीमा उखिया शरणार्थी शिविरमा भएको आगलागीमा ६ सय घर जलेर नष्ट भएका थिए। गत वर्ष मार्चमा भएको अर्को आगलागीमा करिब १० हजार आश्रयस्थल जलेर १५ जनाको मृत्यु भएको थियो। सन् २०१७ मा म्यानमारमा भएको सैनिक कारबाहीपछि भागेका करिब १० लाख रोहिंग्या शरणार्थीहरू बंगलादेशको शिविरमा बस्दै आएका छन्।

# पाकिस्तानको क्वेटामा आत्मघाती आक्रमण, ९ प्रहरीको मृत्यु

**काठमाडौं/एजेन्सी–** पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा आत्मघाती आक्रमणमा परि नौ प्रहरी अधिकारीको मृत्यु भएको छ। घटनामा अन्य १६ जना घाइते भएका छन्। बलुचिस्तानको क्वेटाबाट करिब १२० किलोमिटर दक्षिणपूर्वमा पर्ने कछी जिल्लाको मुख्य शहर धदार नजिकै भएको उक्त घटनाको तत्काल कसैले जिम्मा लिएको छैन।

सम्पत्तिको ठूलो हिस्साको माग गर्दै लडाकूहरूले वर्षौंदेखि गरेको विद्रोह र पाकिस्तान तालिबान (टीटीपी)को आक्रमणसँग बलुचिस्तानमा पाकिस्तानको सुरक्षा फौजले जुधिरहेको छ। वरिष्ठ प्रहरी अधिकारी अब्दुल है आमिरले एएफपीसँग भने, 'आत्मघाती आक्रमणकारी मोटरसाइकलमा सवार थिए र ट्रकलाई पछाडिबाट ठक्कर दिएका थिए।'

आक्रमणका कारण प्रहरीको ट्रक सडकमै उल्टो पल्टिएको र त्यसको झ्यालहरू फुटेको सामाजिक सञ्जालमार्फत बाहिरिएका तस्बीरहरूमा देखिएको छ। काछी जिल्लाका प्रहरी प्रमुख महमुद नोटेजाईले एएफपीलाई बताएअनुसार अधिकारीहरू एक हप्ता लामो एक प्रदर्शनीमा सुरक्षाका लागि खटिएका र आक्रमणका समय उनीहरू आफ्नो कार्यालयमा फर्किरहेका थिए।

प्रधानमन्त्री शहबाज सरिफले आफ्नो कार्यालयद्वारा जारी विज्ञप्तिमा भनेका छन्, 'बलुचिस्तानमा आतंकवाद देशलाई अस्थिर बनाउने घृणित कार्यसूचीको एक हिस्सा हो।' पाकिस्तानले अतिव्यापी राजनीतिक, आर्थिक र वातावरणीय संकटको सामना गर्नुका साथै बिग्रँदो सुरक्षा स्थितिको सामना गरिरहेको छ।

सन् २०२१ को अगष्टमा अफगान तालिबानले काबुल कब्जा गरेयता पाकिस्तानमा आक्रमणका घटनाबढ्दै गएका छन्, जसले सीमाक्षेत्रमा रहेका लडाकू समूहलाई बढावा दिइरहेको छ।


## हार्दिक बधाई तथा शुभकामना

जानकी फाइनान्स कम्पनी लिमिटेड
Janaki Finance Company Limited
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था)
Address: Station Road, Janakpur, Province:2
Phone: +977-41-590586, +977-41-590587
Fax: +977-41-590588, E-mail: info@jfcjanakpur.com
Web: www.jfcjanakpur.com
२७ औं बर्षमा प्रवेश

सफलतापूर्वक आफ्नो कार्यकालको २६ वर्ष पुरा गरी २७ वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
अझ सबल, उत्कृष्ट एवं विस्तारित
Corporate Office
MBL Tower, Lazimpat, Kathmandu, Nepal
Tel: +977-1-4428556
Fax: +977-1-4425356
SWIFT: MBLNNPKA
Web: www.machbank.com
Janakpur Branch, Ph.:041-590801/802

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

PRABHU BANK
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: Janakpur, Ph: 041-590102/03

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
प्रधान कार्यालय
Branch Office: Janakpur, Ph.: 041-590467, 590468

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY
Siddhartha Premier Bhawan, Babarmahal, Kathmandu
Tel: 01-5705766, 5707190, 5705447
E: siddharthapremier@spil.com.np
W: www.siddharthapremier.com.np
Branch Office: Janakpur, Ph.: 041-590434

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड
Corporate Office: Tinkune, Kathmandu, Nepal
Phone : 01-5199664, 01-5199665, 01-5199667, Fax : 01-5199668
Email ID : info@pfltd.com.np, GPO Box No: 10390

सन्‌राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
Kamalpokhari, Kathmandu, Nepal
01-4528550 01-4528660
info@sunrisecapital.com.np

सगरमाथा इन्स्योरेन्स कं. लि.
Sagarmatha INSURANCE COMPANY LTD.
(A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA)
Head Office: "Surakshan" Bhawan, Bhagawati Marg, Naxal
P.O. Box: 12211, Kathmandu, Nepal
Tel: 4412367, Fax: 977-1-4412378
E-mail: sagarmatha@insurance.wlink.com.np
Web: www.sagarmathainsurance.com.np

InfoDevelopers Pvt. Ltd
Sanepa-2,Lalitpur, Nepal
P.O. Box: 5552, Phone: 977-1-5546470, 977-1-5546471
Website: www.infodev.com.np, Email: info@infodev.com.np
Service cell: 9851098294, 9851098296
FINSYS INFINITY EMPOWER WEALTH iOFFICE

WORLDLINK
WorldLink Communications Ltd.
Jawalakhel, Lalitpur
P.O.Box 8207
Kathmandu, Nepal
Fax: +977-1-5529403
Email: info@worldlink.com.np
Branch Office: Janakpur, Ph.: 041-590963

mBank

Guheswori Merchant Banking and Finance Ltd.
Guheswori Bhawan,Pulchowk, Laltipur
Phone No: 01-5537407,01-5550406
Email:gmbf@gmbf.com.np
Branch office: Janakpur, Ph.: 041-420614, 420545

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800 www.nepalremit.com

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

G.N. Engineering Consultancy & Construction Pvt. Ltd.
Pro. Chandra Prakash Mishra
Janakpur-04
Mob.: 9845919722, 9816847082


## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :– २०७९।११।२३

यस कार्यालयद्वारा २०७९।१०।१३ गते नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अंक भ्याट बाहेक PS सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1 | Road maintenance work at different ward of Dharan Sub-metropolitan City | 07/DHARAN/WORKS/NCB/079/80 | १,४०,३८,९८५।६८ | श्री मोरङ कन्स्ट्रक्सन्, ललितपुर |

## एनएमबि बैंक लिमिटेड, बबरमहलको
## गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०७९।११।३० मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

| क्र.स. | कर्जा शिर्षक | ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | लिलाम हुने धितोको विवरण |
|---|---|---|---|
| १. | विपन्न वर्ग कर्जा | **ऋणीको नामः कबिता नेपाली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १५४३ (२०६२/०१/०२/काठमाडौं)<br>बाबुको नामः अजबि दमाई<br>ससुराको नामः मान बहादुर दमाई आङ्के<br>पतिको नामः देवराज नेपाली<br>ठेगानाः सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, नेचा सल्यान गा.पा. वडा नं. ०२ ।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. सीता दमाई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७४५८/७३२ (२०५३/०९/२४/सोलुखुम्बु)<br>बाबुको नामः टके दमाई<br>ससुराको नामः आङ्के दमाई<br>पतिको नामः मान बहादुर दमाई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ ।<br>**२. देवराज नेपाली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १५०९३ (२०५८/०७/२१/सोलुखुम्बु)<br>बाजेको नामः आङ्के दमाई<br>बाबुको नामः मान बहादुर दमाई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ ।<br>**३. मान बहादुर दमाई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७९४१/१७९० (२०४१/०६/०४/सोलुखुम्बु)<br>बाजेको नामः सफे दमाई<br>बाबुको नामः आङ्के दमाई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ । | सफे दमाई को नाति, आङ्के दमाई को छोरा, सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ बस्ने **श्री मान बहादुर दमाईको** नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, सल्यान गा.वि.स. वडा नं. ०३ स्थित कि.न. ५७० र ६११ को क्षेत्रफल क्रमशः १५८० र ७८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| २. | विपन्न वर्ग कर्जा | **ऋणीको नामः कल्पना श्रेष्ठ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११-०१-७३-०१७६६ (२०७३/०८/३०/सोलुखुम्बु)<br>बाबुको नामः झलक बहादुर श्रेष्ठ<br>ससुराको नामः राम बहादुर राजभण्डारी<br>पतिको नामः नारायण राजभण्डारी<br>ठेगानाः सोलुखुम्बु जिल्ला, वासा गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, माप्य दूधकोशी गा.पा. वडा नं. ०२ ।<br>**व्यक्तिगत जमानतकर्ता**<br>**नारायण राजभण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११-०१-७३-०१७५८ (२०७३/०८/२१/सोलुखुम्बु)<br>बाजेको नामः मणीदाश राजभण्डारी<br>बाबुको नामः राम बहादुर राजभण्डारी<br>ठेगाना. सोलुखुम्बु जिल्ला, वासा गा.वि.स. वडा नं. ०९ । | मणीदाश राजभण्डारी को नाति, राम बहादुर राजभण्डारीको छोरा, सोलुखुम्बु जिल्ला, वासा गा.वि.स. वडा नं. ९ बस्ने **नारायण राजभण्डारीको** नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, वासा गा.वि.स. वडा नं. ९ स्थित कि.न. २२१ को क्षेत्रफल १०८० ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ३. | आवधिक कर्जा | **ऋणीको नामः पसाङ तामाङ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २४०९/१६६ (२०६१/४/३१/सोलुखुम्बु)<br>बाजेको नामः डिकविर तामाङ<br>बाबुको नामः तेजमान तामाङ<br>ठेगानाः सोलुखुम्बु जिल्ला, काकुँ गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा. वडा नं. ०५ ।<br>**व्यक्तिगत जमानतकर्ता**<br>**बिमला तामाङ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११-०१-७०-०१९५३ (२०७०/११/०८/सोलुखुम्बु)<br>बाबुको नामः फुर्वा तामाङ<br>ससुराको नामः तेजमान तामाङ<br>पतिको नामः पसाङ तामाङ<br>ठेगाना. सोलुखुम्बु जिल्ला, काकुँ गा.वि.स. वडा नं. ४। | डिकविर तामाङ को नाति, तेजमान तामाङ को छोरा, सोलुखुम्बु जिल्ला, काकुँ गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा. वडा नं. ०५ बस्ने **पासाङ्ग तामाङको** नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, काकुँ गा.वि.स. वडा नं. ४ स्थित कि.न. १८०६ को क्षेत्रफल २१७५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ४. | आवधिक कर्जा | **ऋणीको नामः डिल्ली बहादुर राई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४१/४६७७/४८३ (२०५१/०४/१७/सोलुखुम्बु)<br>बाजेको नामः तीर्थ बहादुर राई<br>बाबुको नामः राम प्रसाद राई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, पावै गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोताङ गा.पा. वडा नं. ०१ ।<br>**व्यक्तिगत जमानतकर्ता**<br>**कुमारी राई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १११००८/७ (२०६४/२/२४/सोलुखुम्बु)<br>बाबुको नामः भोटेधन राई<br>ससुराको नामः राम प्रसाद राई<br>पतिको नामः डिल्ली बहादुर राई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, पावै गा.वि.स., वडा नं. ०८ । | तीर्थ बहादुर राई को नाति, राम प्रसाद राई को छोरा, सोलुखुम्बु जिल्ला, पावै गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोताङ गा.पा. वडा नं. ०१ बस्ने **डिल्ली बहादुर राईको** नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, पावै गा.वि.स., वडा नं. ०८ स्थित कि.न. ११२९ र ११३१ को क्षेत्रफल क्रमशः १२१५ र ३३२ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ५. | आवधिक विपन्न वर्ग कर्जा | **ऋणीको नामः फुर्पा तमाङ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २१६८/१३३४ (२०५९।०९।०८/रसुवा)<br>बाबुको नामः फैग्राङे तमाङ<br>ससुराको नामः दुम्सिङ तमाङ<br>पतिको नामः कोक्ले तमाङ<br>ठेगानाः रसुवा जिल्ला, आमाछोदिङमो गा.पा., वडा नं. ४ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**कोग्ले तमाङ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २४७/४४८९ (२०५२।११।०१/रसुवा)<br>बाजेको नामः लाक्पा तमाङ<br>बाबुको नामः दुम्सिङ तमाङ<br>ठेगानाः रसुवा जिल्ला, गोल्जुङ्ग गा.वि.स., वडा नं. २ । | लाक्पा तमाङको नाति, दुम्सिङ तमाङको छोरा, रसुवा जिल्ला, गोल्जुङ्ग गा.वि.स., वडा नं. २ बस्ने **कोग्ले तमाङको** नाममा मालपोत कार्यालय रसुवाको लगतमा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला, गोल्जुङ्ग गा.वि.स., वडा नं. २ स्थीत कि.नं. ४२४ को क्षेत्रफल ०-६-३-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
**Ext.** १०७, १०४

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०७९/११/२३)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-Agricultural-Bldng-W-NCB-04-079/80 | Construction of Truss roof Building of Agricultural product collection & selling centre, Urlabari -6 | श्री तुम्रोक कन्स्ट्रक्सन, उर्लाबारी न.पा ३ | ५१,७९,९९२.११ |
| URL-Drain-Ward 1, 4 & 6-W-NCB-13-079/80 | Package I ( Construction of side wall with gravel from Haraicha Chowk to Behibare,ward 1, Drain with gravel of Bhanu Sisauli Marga, ward 4 & Drain from South of Pragati Marga,ward 6) | श्री सिद्धदेवी निर्माण तथा सप्लायर्स, | ४६,६४,७५७.४८ |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२३ फागुन २०७९, मंगलबार
7 March 2023, Tuesday

# बक्स अफिस समाचार

# ‘राज्यले चलचित्र क्षेत्रलाई चिनेको नै छैन’



हरेक विषयको गहिराइमा पुग्ने, चुनौती मोल्ने र त्यसको सामना गर्ने प्रदीप श्रेष्ठको बाल्यकालदेखिको स्वभावले नै आज उनले चलचित्र क्षेत्रमा राम्रो सफलता प्राप्त गरेका छन् । सुरुमा सहायक निर्देशकको भूमिकाबाट नेपाली चलचित्र क्षेत्रमा प्रवेश गरेका उनी मुख्य सहायक निर्देशक हुँदै निर्देशकमा आफूलाई उभ्याउन सफल श्रेष्ठको दर्जन बढी चलचित्र व्यावसायिकरुपले सफल मानिएको छ । जीवनरेखा, कवच, अजम्बरी नाता, सडक, दुई पल, डर, तृष्णा, भगवान सबैको, मेरो मनको साथी, सपना लगायत दुई दर्जन बढी चलचित्रको निर्देशकीय जिम्मेवारी कुशलतापूर्वक निभाइसकेका निर्देशक **प्रदीप श्रेष्ठ**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

यतिबेला चलचित्र ‘स्वामी’को लेखन तथा अध्ययनमा व्यस्त छु ।

**यो क्षेत्रमा प्रवेश कसरी भयो ?**

चलचित्र क्षेत्रमा २०४२ सालतिर प्रवेश गरेको हुँ । २०४६ सालतिर भिडियो फिल्म ‘रसाल कलाकार’को निर्माण संयोजक, सह निर्देशकको रुपमा काम सुरु गरेको हुँ र अहिलेसम्म चलचित्र क्षेत्रमा नै निरन्तर लागिरहेको छु ।

**वास्तवमा निर्देशकको जिम्मेवारी चाहिँ के हो ?**

टिम क्याप्टेन भएकोले चलचित्र निर्देशकको जिम्मेवारी महत्वपूर्ण हुन्छ । के कस्तो विषयमा चलचित्र निर्माण गर्ने र चलचित्र निर्माण गरिसकेपछि व्यावसायिकरुपले कसरी सफलता पाउन सकिन्छ भन्ने कुरालाई सुक्ष्मरुपले अध्ययन गरी कामलाई परिणाम दिनु हो । चलचित्र निर्माणमा निर्देशकले आर्थिकरुपमा कसरी सवल बनाउने र प्रतिफल कसरी प्राप्त गर्न सकिन्छ भनेर योजना बनाउने हो । समग्रमा भन्नु पर्दा चलचित्र निर्देशक आफैंमा क्षमतावान हुन जरुरी छ ।

**व्यावसायिकरुपले चलचित्र सफल हुन के कुरामा ध्यान दिनुपर्छ ?**

चलचित्र निर्देशकले मूलरुपमा कस्तो चलचित्र बनाउने भन्ने कुरा ध्यान दिनुपर्छ । व्यावसायिकरुपले भन्दा पहिला चलचित्र कुन विचार, कुन विषय भन्ने कुरा सोच्नु पर्छ जस्तो लाग्छ । चलचित्र निर्देशन भनेको नै व्यवसायभन्दा पहिला विचार र विषय दिने विधा हो । तर पनि निर्देशकले व्यावसायिक पाटो पनि एउटा अंग भएकाले समय अनुकूल समाज, संस्कृति, अवस्था हेर्नुपर्छ जस्तो लाग्छ । चलचित्र भनेको नै कलात्मक ढंगले प्रस्तुत हुने उत्कृष्ट विषय हो ।

**तपाईं त पुराना अनुभवी निर्देशक, यो क्षेत्रमा आफूलाई कहाँ पाउनु हुन्छ ?**

म पहिला पनि समाज सुहाउदो विषयमा चलचित्र बनाउने कोसिस गर्थे अहिले पनि यही अवस्थामा छु । चलचित्र निर्देशक कहिले पनि पुरानो हुन्छ जस्तो लाग्दैन । म अहिले पनि नयाँ नै छु जस्तो लाग्छ । जहिले पनि सिकिरहने, कोसिस गरिरहने ।

**यतिबेला चलचित्र क्षेत्र शून्य जस्तै छ, चलायमान बनाउन के गर्नुपर्ला ?**

मलाई त शून्य छ जस्तो लाग्दैन । चलचित्र पनि समाजको पदार्पण गर्ने उत्कृष्ट माध्यम हो, जुन मनोञ्जन गरेर लिन सकिन्छ । त्यसैले कोही गृहकार्य गर्दै होलान् भन्ने लाग्छ ।

**राज्यले सिने उद्योगलाई प्राथमिकतामा राखेन भन्छन् नि, तपाईंलाई के लाग्छ ?**

राज्यले चलचित्र क्षेत्रलाई नै चिनेको छैन जस्तो लाग्छ, अझ भनौं राजनीतिज्ञले त झन् चिनेकै छैन । राजनीतिज्ञले नचिने पछि राज्यले कसरी चिन्छ । उनीहरुले हेर्ने दृष्टिकोण नै फरक छ अनि हामी आफैंलाई पनि चलचित्र भनेको के हो र के गर्न सकिन्छ थाहा छैन ।

**नेपाली दर्शक विदेशी फिल्मप्रति बढी आकर्षित हुनुको कारण ?**

राम्रो कुरा, मिठो खाने कुरामा नै दर्शक पछि लाग्छ, जहाँ राम्रो छ त्यहीँ जाने हो । हामीले राम्रो र दर्शक रुचीको चलचित्र बनाउन सकियो भने हाम्रो चलचित्र पनि हेर्न हलसम्म आउँछन् भन्ने कुरामा विश्वस्त छु ।

**कस्तो विषयवस्तुमा फिल्म बनाउन पाए हुन्थ्यो जस्तो लाग्छ ?**

हाम्रो देशमा विषयको खाँचो नै छैन । हाम्रोमात्र होइन विश्वको नै समय परिवर्तनशील छ, त्यसैले ख्याल गरेर चलचित्र निर्माण गर्नुपर्ने देखिन्छ । म चाहिँ अहिले राष्ट्रको विषयमा चलचित्र बनाउने सोचमा छु, किनकि अहिले राष्ट्रियताको खाँचो छ ।

**कलाकर्मीबीच भइरहने विवादको खास कारण के हो ?**

मनोरञ्जनको क्षेत्रमा सानोतिनो कुरा भइरहन्छ । घरमा परिवारबीच बेला बेलामा कुरा नमिलेको जस्तो नै यो पनि सामान्य कुरा हो ।

**स्थापित ब्यानर पछि हट्दैछ, नयाँ लगानीकर्ता वर्तमान अवस्थाका कारण फिल्ममा पैसा लगाउन डराइरहेको छ, यस्तो अवस्थामा के गर्दा उचित होला ?**

हटेको छ जस्तो लाग्दैन । विचाराधीन छन् जस्तो लाग्छ । समय अनुकूल बन्नका लागि समय चाहिन्छ, त्यही पर्खाइमा छ जस्तो लाग्छ । रह्यो लगानी डुब्ने कुरा, व्यवसाय गर्दा कुन व्यवसाय डुब्ने र उत्रने हुँदैन र चलचित्र भनेको व्यवसायमात्र होइन यो विचार पनि, कला पनि हो । चलचित्र भनेको अहिले व्यावसायिक असफलता भएपनि पछि कुनै कालमा त्यो विचारले उत्कृष्ट हुने माध्यम हो जस्तो लाग्छ । यो कुरा अरु कुनै व्यवसायमा हुँदैन ।

**तत्काल कुनै सिनेमा बनाउने सोचमा हुनुहुन्छ कि ?**

म दुई वटा स्क्रिप्टको अध्ययन गर्दैछु । हामीले निर्माण घोषणा गरेको पछिल्लो चलचित्र ‘स्वामी’ हो ।

**भविष्यको लागि के सोच्नु भएको छ ?**

हाम्रो भविष्य भनेको चलचित्र, चलचित्र, चलचित्र हो ।

**नेपाली सिनेमामा परिवर्तन गर्नुपर्ने कुरा के देख्नु हुन्छ ?**

सिनेमामा परिवर्तन भनेको समयअनुसार आफैं हुँदै जाने हो । तर प्राविधिकरुपमा भने केही परिवर्तन गर्नुपर्ने देखिन्छ ।

# ‘नेपाल ग्रामीण चलचित्र महोत्सव’ वैशाखमा

**काठमाडौं/मस-** नेपाल ग्रामीण चलचित्र महोत्सवको दोस्रो संस्करण आगामी वैशाखमा हुने भएको छ । सेलिब्रेटी नेपालको आयोजना रहेको महोत्सवको उद्देश्य पर्यटन प्रवर्द्धनसँगै नेपाली फिल्मलाई ग्रामीण बजारमा पुऱ्याउने रहेको जानकारी महोत्सवका अध्यक्ष रघुनाथ सापकोटाले दिए ।

सेलिब्रेटी नेपालले आयोजना गर्न लागेको महोत्सवमा नेपाली मौलिक ग्रामिण कथा वस्तुमा बनेका चलचित्र सहभागी रहने छ । महोत्सवको लागी चलचित्र दर्ता आव्हान गरिएको आयोजक संस्थाले जानकारी दिएको छ ।

महोत्सवमा गाउँले परिवेशमा निर्माण गरिएका स्वदेशी छोटा चलचित्र, डकुमेन्ट्री, फिचर चलचित्र र भाषाभाषीका चलचित्र सहभागी हुनेछन् । जुरी टिमले छनोट गरेका चलचित्रहरू अत्याधुनिक प्रविधिमा स्क्रिनिङ गर्ने र उत्कृष्ट चलचित्रलाई अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ । दर्शकलाई नेपाली मौलिक फिल्मप्रति आकर्षित गराउनु र नियमित फिल्म हेर्ने बानी बसाल्नु, ग्रामीण कथामा बनेका फिल्महरुलाई विश्वमाझ पुऱ्याउनु र स्थानीय क्षेत्रको भाषा, कला, संस्कृति एवं पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नु महोत्सवको मुख्य उद्देश्य हो ।

गत वर्ष गोरखा जिल्लाको लाप्राकमा सम्पन्न महोत्सवमा राम्रै दर्शकको उपस्थिति रहेको थियो ।

**डिलासैनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डिलासैनी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आसय पत्र**

**प्रकाशित मिति : २०७९/११/२३**

प्रस्तुत विषय सम्बन्धमा मिति २०७९ । ०९ । १३ गते विद्युतिय माध्यम (E–Bid) बाट प्रकाशित सूचना, ठेक्का नं DRM/BTD/NCB/Goods 01–2079–80 बमोजिम यस कार्यालय अन्तर्गत Hydraulic Excavator खरिदका लागि श्री Kissan Earth Movers Pvt. Ltd. को मु अ कर सहित १,१८,००,०००।- (अक्षरुपी एक करोड अठार लाख मात्र) को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुदाँ कुनै प्रतिकृया भए ७ दिन भित्र पठाइदिनु होला । तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभए बोलपत्र स्वीकृति गर्न तर्फ कारबाही अगाडी बढाउने व्यहोरा अवगत गराइन्छ ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**श्री अप्सिका पशुपालन तथा कृषि फर्म**
**(नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोगमा संचालित)**
**स्वच्छ दुध उत्पादनको लागि उन्नत गाई/भैसी पालन**
**उप-आयोजना संकेत नं.: 3KTH08**
**बुढानिलकण्ठ न.पा. वडा न. ६, काठमाण्डौ**

**दरभाउपत्र/बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशन मितिः-२०७९।११।२३**
**बोलपत्र नं.:०१/०७९/८०**

यस श्री अप्सिका पशुपालन तथा कृषि फर्म बुढानिलकन्ठ न.पा. ६, काठमाण्डौ बाट सञ्चालित उन्नत तथा कस जर्सी जातको गाईहरु आपूर्तिको लागि यो दरभाऊ पत्र आह्वान गरिएको छ ।

१. सम्बन्धित आधिकारिक निकायहरुबाट ईजाजतप्राप्त (VAT वा PAN मा दर्ता भएका र गत आ.व. सम्मका कर चुक्ता गरेका) आपूर्तिकर्ता/फार्मबाट यस उप आयोजनाको लागि आवश्यक २० वटा गाई आपूर्तिका लागि यो बोलपत्र आह्वान गरिएको छ ।
२. इच्छुक तथा योग्य आपूर्तिकर्ता वा फार्मले यस उप-आयोजना कार्यालयबाट यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न र दरभाउपत्र/बोलपत्र सम्बन्धी कागजात हेर्न सक्नेछन् ।
३. दरभाउपत्र दाताले रु ३०००/- राजश्व शिर्षक नं. १४२२९ राजश्व खाता नं. ००१०१००००००००१००१००१ कार्यालय कोड नंम्बर ३१२००३२०२ कार्यालयको नाम-नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, बिकेन्द्रीकृत आयोजना सहयोग ईकाई हेटौडाको नाममा जम्मा गरेको भौचर पेश गरी मिति २०७९/१२/२२ सम्म(अन्तिम मिति भन्दा एक दिन अगाडी) दरभाउपत्र खरिद गर्न सक्नेछन् ।
४. दरभाउपत्र यस उप-आयोजना कार्यालयमा मिति २०७९/१२/२२ गते १२:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ र ढिलो गरी प्राप्त हुन आएका दरभाउपत्र/बोलपत्र स्वीकार गरिने छैनन् ।
५. दर्ता हुन आएका दरभाउपत्र/बोलपत्रहरु यस उप-आयोजनाको कार्यालयमा मिति २०७९/१२/२२ गते १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएकै समयमा पेश भएका दरभाउ पत्रहरु खोलिने छ ।

**श्री अप्सिका पशुपालन तथा कृषि फर्म**
बुढानिलकण्ठ न.पा. वार्ड नं. ६, काठमाण्डौ, सम्पर्कः- ९८६२८१९५०६

**Musikot Municipality**
**Office of the Municipal Executive**
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Online Bids**

**Date of Published : 2079.11.23 B.S. (2023.03.07 A.D.)**

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system ***http://bolpatra.gov.np/egp.***

| Contract ID | Description of Works | Cost of Bidding Doc | Minimum Average Annual Fabrication Turnover of the best 3 years within the last 10 years (w/o VAT) | Bid Security, NRs. | Account Details |
|---|---|---|---|---|---|
| SQ/MM/Ruk.w/G.01_079/080 | Supply and Delivery of Fabricated steel parts of Panakhola Trail Bridges | 1000.00 | Rs. 25,45,000.00 (Twenty FIve Lakh Forty Five Thousand Rupees) | 42,400.00 (Forty Two Thousand Four Hundred upees.) | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 |

**Chief Administrative Officer**

**साउदी र मलेशियामा रोजगार |** कम्पनी : CONTRACTORS UNION COMPANY TRANSPORTATION AND CONTRACTING
शहर : Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/१०/१२ चलानी नं.: ६०१९५७०० L.T. No.: 280265 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMLI SECURITY SDN BHD शहर : Malaysia,Selangor

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३७१४ L.T. No.: 278089 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३० गते (14 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
टोखा न.पा.-७, धापासी, होराइजन अपार्टमेन्ट गेट नं. २, काठमाडौं | Fax: 436474
फोनः ०१-४९६११११, मोबाइलः ९८५१०४८५९९, ९८५१०४५७११ र ९८४९१६६०८८
Email : cv@motherlandoverseas.com

# यूएईलाई हराउँदै नेपाल लिग-टु को पाँचौं स्थानमा




**काठमाडौं/मस–** आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृंखलामा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई)लाई पराजित गरेको छ। दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा सोमबार भएको खेलमा नेपाल यूएईलाई ४२ रनले पराजित गर्दै विजयी भएको हो। नेपालले यूएईलाई जितका लागि २३० रनको लक्ष्य दिएको थियो। जवाफमा यूएई ४५ ओभरमा सबै विकेट गुमाउँदै १८७ रनमा सीमित बन्यो।

यूएईका लागि ओपनर मुहम्मद वासिम शून्य रनमा आउट भएका थिए भने अर्का ओपनर आसिफ खानले ८२ रनको योगदान दिए। त्यसैगरी आर्यन लाक्राले ५० रन जोडे भने वृत्य अरविन्दले १३ रन बनाए। त्यसबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। यूएईलाई १८७ रनमा समेट्ने क्रममा नेपालका दीपेन्द्र सिंह ऐरी र सोमपाल कामीले समान ३/३ विकेट झारे भने आरिफ शेख, करण केसी र सन्दीप लामिछानेले समान १/१ विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २२९ रनको योगफल बनाएको थियो। नेपालका लागि भीम सार्कीले सर्वाधिक ७० रनको योगदान दिए। आरिफ शेखले अविजित ४३ रन बनाउँदा कुशल मल्ल ३२ रनमा आउट भए। त्यस्तै सन्दीप लामिछानेले २७ तथा करण केसीले १७ रन बनाए।

यूएईका लागि जुनेद सिद्धिकीले ३ विकेट लिए भने आर्यन लाक्रा र रोहन मुस्ताफाले समान २/२ विकेट लिए। यस खेलसँगै नेपाल ३२ खेलमा १५ मा जित र १५ मा हारसहित ३२ अंकका साथ अंक तालिकाको पाँचौं स्थानमा उक्लेको छ। यता यूएई ३२ खेलमा १४ मा जित र १५ मा हारसहित ३१ अंकका साथ छैटौं स्थानमा छ।

सन् २०१९ देखि जारी उक्त प्रतियोगितामा नेपालको विदेशमा हुने यो अन्तिम त्रिकोणात्मक शृंखला हो। शृंखलाअन्तर्गत नेपालले पपुआ न्युगिनीसँगको दुवै खेल जितेको थियो।

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०७८ को तयारी पूरा




**काठमाडौं/मस–** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले मंगलबार आयोजना हुने पल्सर स्पोर्ट्स अवार्ड २०७८ को तयारी पूरा भएको जनाएको छ।

मञ्चको आयोजनामा हुँदै आएको यस वर्षको अवार्ड पनि कमलादीस्थित प्रज्ञा प्रतिस्ठानमा एक भव्य समारोहबीच सञ्चालन हुनेछ। मञ्चका कार्यवहाक अध्यक्ष निरञ्जन अधिकारीले अवार्डका लागि सम्पूर्ण तयारी भएको जानकारी दिए। 'हामीले यो अवार्डको लागि एक महिनाभन्दा अगाडिदेखि तयारी गरिरहेका छौं। त्यसैले एकदिन अगाडि समारोहका काम मात्र बाँकी थिए। आयोजना स्थललगायत केही काम पनि सोमबार नै सम्पन्न भएपछि हाम्रो तयारी पूरा भएको छ,' कार्यवहाक अध्यक्ष अधिकारीले भने। मञ्चले २०६० सालदेखि अवार्ड निरन्तर आयोजना गर्दै आइरहेको छ।

१९औं संस्करणको पल्सर स्पोर्ट्स अवार्डमा विभिन्न ९ विधामा खेलाडी र खेलकर्मीलाई सम्मानित गर्ने यसअघि नै सार्वजनिक गरिसकेको छ। यस पटक अवार्डमा नयाँ प्रस्तुती थपिएकाले विशेष बन्ने विश्वास रहेको मञ्चका कार्यवहाक अध्यक्ष अधिकारीको विश्वास छ। 'चर्चित अन्तर्राष्ट्रिय अवार्ड सोहरू कान्स र ओस्कारमा जस्तै एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डमा पनि रेड कार्पेटको थालनी गर्दैछौं। अवार्डको मुख्य समोराहको एक घन्टा अगाडिदेखि नै मञ्चको फेसबुक र युट्युब च्यानलमा रेड कार्पेटको प्रत्यक्ष प्रशारण हुनेछ,' अधिकारीले भने, 'त्यसबाहेक अन्य विशेष प्रस्तुत पनि यस पटकदेखि शुरु गरिएको छ।'

मञ्चले खेल क्षेत्रबाट अतुलनीय योगदान गरेर नेपालको नाम अन्तर ाष्ट्रिय क्षेत्रमा चिनाउने खेलाडी, प्रशिक्षक र खेलकर्मीलाई यस वर्ष सम्मान गर्दै छ। पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत लाइफटाइम एचिभमेन्ट, पारा एथलिट, स्पेसल, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड विधाको विजेता घोषणा कार्यक्रम हुने दिन फागुन २३ गते नै घोषणा गरिनेछ। अन्य पाँच विधामा ५/५ खेलाडी मनोनयन यसअघि नै सार्वजनिक भइसकेको छ। जसअन्तर्गत पिपल्स च्वाइस विधामा क्रिकेटका आसिफ शेख, फुटबलका अञ्जन विष्ट, टेनिसकी अभिलाषा विष्ट, पौडीकी डुवाना लामा र भलिबलकी उषा भण्डारी छन्।

ईसेवाको भोटिङ, फेसबुक लाइक, प्रमुख प्रशिक्षक र मञ्चका सदस्यको मतमार्फत पिपल्स अवार्डको विजेता तय हुनेछ। यसपटक वर्ष पुरुष खेलाडीको मनोनयनमा फुटबलका अञ्जन विष्ट र किरण चेम्जोङ, क्रिकेटका कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरी तथा ब्याडमिन्टनका प्रिन्स दाहाल परेका छन्। वर्ष महिला खेलाडीको मनोनयनमा भलिबलकी अरुणा शाही, क्रिकेटका रुबिना क्षेत्री र सीता रानामगर, एथलेटिक्सकी पुष्पा भण्डारी र बक्सिङकी पुनम रावल छन्। वर्ष युवा खेलाडीको मनोनयनमा फुटबलका मनीष डाँगी, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, ब्याडमिन्टनकी रसिला महर्जन, फुटबलकी प्रीति राई र भलिबलकी उषा भण्डारी छन्।

वर्ष प्रशिक्षकतर्फ फुटबलका अब्दुल्लाह अलमुताइरी, क्रिकेटका अस्ट्रेलियन डेभ ह्वाटमोर, पारा तेक्वान्दोका कविराज नेगी, बक्सिङका दीपक महर्जन र भलिबलका जगदीश भट्ट मनोनयनमा परेका छन्। विगतमा जस्तै वर्ष पुरुष, महिला, पिपल्स च्वाइस र वर्ष प्रशिक्षकका विजेताले पल्सर मोटरसाइकल पाउने छन्। यस वर्षदेखि युवाका विजेतालाई पनि पल्सर मोटरसाइकल प्रदान गरिने मञ्चले जनाएको छ। अन्य विधाका विजेतालाई ५० हजार रुपैयाँसहित गिफ्ट ह्याम्पर प्रदान गरिनेछ।

एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालि रहेको छ। सहप्रायोजकहरूमा सूर्य नेपाल प्रालि, ई-सेवा, रोयल सिँगी होटल, एडिडास, इमेजिङ, प्लाजा होटल ग्रुप, सुबिसु र न्यु होराइजन कार्पेट इन्डस्ट्री रहेका छन्। सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी र बाग्मती प्रदेश खेलकुद विकास परिषद् छन्।

# श्रीलंकामा नेपाललाई २ स्वर्ण र एक रजत



**काठमाडौं/मस–** मित्र राष्ट्र श्रीलंकामा यही मार्च ४ देखि सञ्चालन भएको १० औं आईएसकेडीजे कप कराते च्याम्पियनसिपमा नेपाललाई २ वटा स्वर्ण रएक रजत पदक प्राप्त भएको छ। उक्त प्रतियोगितामा -६० किलोमा बुद्धीमान माझी र -८४ किलोमा सोनम बलामीले नेपाललाई स्वर्ण दिलाए। माझीले भारतसँग २-१, बंगलादेशसँग ३-२ र फाइनलमा श्रीलंका सँग १-० अन्तरको जितसँगै स्वर्ण पदक बिजेता बनेका थिए। त्यसैगरी बलामीले भारतसँग ३-२, बंगलादेशसँग २-० र फाइनलमा श्रीलंकासँग ३-२ अंक सँगै नेपाललाई स्वर्ण पदक दिलाएका थिए। उक्त प्रतियोगितामा सहभागी ऐटनकुमार मल्लले -६७ तौल समूहमा नेपाललाई रजत पदक दिलाउन सफल भए। उनले सेमिफाइनलमा भारतलाई १-० अंकले पराजित गरि फाइनलमा प्रवेश गरेका थिए भने फाइनलमा आयोजक श्रीलंकासँग रेफ्री सुपरलेटिभको आधारमा ३-२ अंकले पराजित हुदै रजत पदकमा चित्त बुझाएका थिए। ४ देश सहभागी उक्त प्रतियोगितामा २ स्वर्ण र १ रजत पदकसँगै नेपाल समूह तेश्रो बन्न सफल भयो। ४ कराते सदस्य टोलीसहित सहभागी भएको उक्त टोलीको नेतृत्व नेपाल सितोरियो कराते संघका सचिव/प्रवक्ता गजेन्द्रबहादुर खपाङ्गीले गरेका थिए।

# भगवतीले अमेरिकी रेस्लर सादिकालाई हराइन्

**काठमाडौं/मस-** नेपाली रेस्लर भगवती खड्का (युनिका)ले अन्तर्राष्ट्रिय रेस्लिङ महाभिडन्त सोमबार अमेरिकी रेस्लरलाई पराजित गरेकी छन्।

भक्तपुरको सल्लाघारीमा भएको रोमाञ्चक भिडन्तमा भगवतीले अमेरिकाकी सादिकालाई पराजित गरेकी हुन्।

होलीको अवसरमा आयोजित रेस्लिङमा नेपालकी अस्मिता जुरेलीले भारतीय पुरुष रेस्लर अभिराज सिंहलाई हराइन्।

नेपाल महिला रेस्लिङ फाउन्डेसनद्वारा आयोजित रेस्लिङमा नेपाल ब्रोले पाकिस्तानका शेर खानमाथि जित हात पारे। रिङसम्म पुग्न नेपाल ब्रोले कार तथा शेर खानले मोटरसाइकल प्रयोग गरेका थिए। नेपालका कृष्ण मगर (सिन्धुपाल्चोक टाइगर) ले पाकिस्तानका अली खानलाई पाखा लगाए।



जम्मा ४ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। नेपालसहित भारत, पाकिस्तान र अमेरिकाका रेस्लर सहभागी प्रतियोगितामा स्कोरपियाको नामले चिनिने नेपाली रेस्लर हिक्मत थपलियले निर्णायकको भूमिका निर्वाह गरेका थिए। वि.सं. २०७१ सालमा स्थापना भएको फाउन्डेसनले पहिलोपटक भक्तपुरमा अन्तर्राष्ट्रिय रेस्लिङ आयोजना गरेको हो।


## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पगनाथ, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९/११/२३**

यस कार्यालयबाट चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका निर्माण कार्यहरु शिलवन्दी बोलपत्रको माध्यमबाट गर्नको लागि मिति २०७९/१०/१५ गते प्रकाशित विद्युतीय शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्यांकन समितिबाट मूल्यांकन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले मूल्यांकन समितिको सिफारिस अनुसार उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.क. र पि.एस. बाहेक) |
|---|---|---|---|
| BRM/WS/NCB/ 12/2079/080 | साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ३ - Part 2 | रामचन्द्र निर्माण सेवा, दैलेख। | रु.२३,०३,४३६.०० |
| BRM/WS/NCB/ 13/2079/080 | सहडे जुकेपानी पहरापानी मन्घर खाने पानी तथा सरसफाई आयोजना निर्माण, वडा नं. ४ - Part 2 | जे.एम. कन्सल्टिङ ईन्जिनियरिङ ग्रुप एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि., दैलेख। | रु.३९,२२,५१६.८५ |
| BRM/WS/NCB/ 14/2079/080 | अडेरीपाल्त मूलपानी खानेपानी तथा सरसफाई, वडा नं. ७ - Part 2 | रामचन्द्र निर्माण सेवा, दैलेख। | रु.२८,६३,३६९.४० |

**प्रमुख प्रशासकीय अधिकृत**



## Jahada Rural Municipality
## Office of the Rural Municipal Executive
**Morang, Koshi Province, Nepal**

### Invitation for Sealed Quotation

**Date of Publication: 23rd Falgun, 2079**

1. The Jahada Rural Municipality invites sealed quotations from registered suppliers for the procurement of Medicine.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation forms at the office of Jahada Rural Municipality, Majhare, Morang or may visit PPMO website ***www.bolpatra.gov.np.***
3. Bidder submitting their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e ***www.bopatra.gov.np/egp***. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Machhapuchhre Bank Limited, Jahada Branch.**
   **Name of the Office : Jahada Rural Municipality, Office of the Municipal Executive, Morang**
   **Aantarik Rajaswa Khata No: 0740069040900131**
4. Electronic bids must be submitted to the office Jahada Rural Municipality, Majhare, Morang through e-GP system ***www.bopatra.gov.np/egp*** on or before 12:00 PM on 8th Chaitra, 2079. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM 8th Chaitra, 2079 at the office of Jahada Rural Municipality, Majhare, Morang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or cash deposited voucher, which shall be valid for 30 days beyond the validity period of the bid. The bank account details for cash deposit is given by :
   **Name of the Bank: Machhapuchhre Bank Limited, Jahada Branch.**
   **Name of the Office : Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang**
   **Dharauti Khata No.: 0740069040900031**
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Contract ID | Descriptions | Estimated Amount (Without VAT) | Bid Document Fee | Bid Security Amount | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | JRM/GOODS/ SQ/079/80-13 | Procurement of Medicine. | NRs. 11,33,893.00 | NRs. 1,000.00 | NRs. 30,000.00 | 12:00 PM on 2079-12-08 | 1:00 PM on 2079-12-08 |

**Chief Administrative Officer**

# औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढ्यो

**काठमाडौं/रासस** – प्रदेश गौरवका आयोजनाका रुपमा रहेका गण्डकी प्रदेशका दुई औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ । जग्गा व्यवस्थापनमा ढिलाइ हुँदा अलपत्र औद्योगिक क्षेत्र निर्माणको कामले अब गति लिने भएको छ । गण्डकी प्रदेश सरकारले पाँच वर्षअघि कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको थियो । समयमै जग्गाको टुङ्गो नलाग्दा दुवै आयोजना अन्योलमा परेका थिए । अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणका लागि सरकारले वर्षेनी बजेट बिनियोजित बजेट समेत खर्च हुन सकेको थिएन ।



औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब संघीय सरकारबाट भोगाधिकार लिन मात्र बाँकी रहेको जनाइएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी जग्गा प्राप्तिको प्रस्ताव संघमा पठाएको छ । सरकारी जग्गाको भोगाधिकार दिने निर्णय संघ सरकारको मन्त्रिपरिषद्ले गर्नुपर्छ ।

मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहा खोलामा एक सय ४१ बिघामा औद्योगिक क्षेत्र निर्माण हुने बताए। पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ भने लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो ।

महाशाखा प्रमुख आचार्यले औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको काम भइरहेको बताए । 'आयोजनाको डिपिआर यसै वर्ष टुङ्गिन्छ, वातावरणीय प्रभाव मूल्याङ्कनपछि अर्को वर्षबाट पूर्वाधारको काम शुरु हुन्छ', उनले भने । पुँडीटारमा अव्यवस्थित बसोबास भए पनि पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइने मन्त्रालयले जनाएको छ । प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । 'जग्गाको नापजाँच, स्रेस्ता कायमलगायतको काम भइसकेको छ, अब संघ सरकारको मन्त्रिपरिषद्बाट जग्गाको स्वीकृत प्राप्त हुन बाँकी छ', उनले भने ।

पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले जग्गा व्यवस्थापनले औद्योगिक क्षेत्र स्थापनामा आशा जगाएको बताए । उनले अव्यवस्थित बसोबासमा रहेका ५०/६० घरघुरीलाई स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको बताए । 'औद्योगिक क्षेत्र बनाउने निर्णय पहिल्यै भए पनि जग्गा प्राप्तिको विषय टुङ्गो लागेको थिएन, अब भने काम अघि बढ्ने विश्वास बढेको छ', वडाध्यक्ष अधिकारीले भने ।

नवलपुरको कावासोती नगरपालिकाका प्रमुख विष्णुप्रसाद भुसालले घोषणा भएको वर्षौं बितिसक्दा पनि औद्योगिक क्षेत्र निर्माणको काम अघि नबढ्नु दुःखद् रहेको बताए । 'प्रदेश सरकारले केही गर्दै होला, यो विषयमा नगरपालिकालाई केही जानकारी आएको छैन, खासै समन्वय पनि हुँदैन', उनले भने । प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २५ उद्योग ग्राम निर्माणको योजनालाई अघि बढाएको थियो । जग्गा व्यवस्थापन गर्न नसक्दा अधिकांश ठाउँमा उद्योग ग्रामको काम पनि अघि बढ्न सकेको छैन ।

मन्त्रालयले यो वर्ष विभिन्न जिल्लाका दश उद्योग ग्रामका लागि दश लाखका दरले बजेट दिएको छ । तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालीगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका, लमजुङको राइनास नगरपालिका, बागलुङको ताराखोला र मनाङको चामे गाउँपालिकामा उद्योग ग्राम निर्माणाधीन अवस्थामा छन् ।

उद्योग ग्राममा संघ प्रदेश र स्थानीय तहको संयुक्त लगानी छ। स्थानीय स्रोत, सीप र प्रविधिको प्रयोगबाट उद्यमशीलता विकास गर्न सरकारले 'एक स्थानीय तह, एक उद्योग ग्राम'को राष्ट्रिय लक्ष्य लिएको छ ।

# 'निजी क्षेत्र र आर्थिक एजेण्डा प्राथमिकतामा राख्नुपर्छ'



**काठमाडौं/मस** – नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र र आर्थिक एजेण्डा प्राथमिकतामा राख्न सरकारसँग आग्रह गरेका छन् । नवलपुरको गैडाकोटमा आयोजित गण्डकी औद्योगिक व्यापार महोत्सव २०७९ को उद्घाटन समारोहलाई आइतबार सम्बोधन गर्दै वरिष्ठ उपाध्यक्ष ढकालले भने, 'हरेक सरकारले निजी क्षेत्रसँग सहकार्य गर्ने र निजी क्षेत्रको विकास गर्ने भनेर भन्ने गरेको सुनिन्छ, तर व्यवहारमा हामीले दलहरुले निजी क्षेत्रलाई प्राथमिकतामा राखेको महशुस गर्न सकेको छैनौं, मुलुकका औद्योगिक विकास र आर्थिक मुद्दा लिएर सरकारका विभिन्न निकायमा पुग्दा यो निजी क्षेत्रको मात्र एजेण्डा हो भन्ने गरेको पाइन्छ ।'

उनले निजी क्षेत्रले आयात रोकेर अर्थतन्त्रमा देखिएको समस्या समाधान हुन्न भनेको कुरा औल्याउदै यसले राजश्व घटाउने मात्र काम गरेको बताए । 'हामीले आयात प्रतिबन्धले अहिलेको समस्या समाधान हुन्न भनेर भनेका थियौं, त्यसको बदलामा बोर्डरमा हुने अनौपचारिक कारोबारलाई रोकौं भनेर सल्लाह पनि दिएका थियौं, तर त्यो कुरालाई नसुनेर सरकारले आयातमा प्रतिबन्ध लगाउने काम गर्‍यो । त्यसले गर्दा अहिले राजश्वमा ठूलो असर गरेको छ', उनले भने ।

हरेक नयाँ नीति तथा नियमहरु बनाउँदा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग व्यापक छलफल गर्न उहाँले सरकार तथा नियामक निकायलाई सुझाव समेत दिए। बैंकबाट लिएको कर्जाको ब्याज तथा कर्जा तिर्न पर्दैन भन्दै केही व्यक्तिले बोल्ने गरेको बताउँदै उनले यसबाट अर्थतन्त्रमा ठूलो समस्या निम्तिन सक्ने संकेत गरे ।

'केही वर्ष पहिले कुनै एउटा बैंकको बारेमा पत्रपत्रिकामा समाचार आउँदा बैंकको निक्षेप फिर्ता लिन बैंकमा सर्वसाधारणको लाइन लागेको थियो, त्यो बैंकबाट सर्वसाधारणले अस्वाभाविक रुपमा निक्षेप निकालेका थिए र नेपाल राष्ट्र बैंकले हस्तक्षेप गर्न परेको थियो । अहिले पनि बैंकबाट लिएको कर्जा तिर्न पर्दैन भन्ने आवाज सडकबाट आउन थालेको छ, यो डर लाग्दो अवस्था हो । हामीले समयमै यसलाई सम्बोधन गर्न सकेनौ भने यसले मुलुकको अर्थतन्त्रमा ठूलो संकट निम्ताउन सक्छ', उनले भने ।

उनले बैंकको कर्जा तिर्दिनँ भनेर के भन्न खोजेको हो भनेर प्रश्न समेत गरे । उनले भने, 'उपस्थित राजनीतिक दलका नेतृत्व तथा उद्योगी व्यवसायीहरु साथीहरुलाई म सोध्न चाहन्छु, बैंकको कर्जा तिर्दिन भनेर के भन्न खोजेको हो ?' बैंकको निक्षेप भनेको त आम जनताको पैसा होला, यदि बैंकमा रहेको जनताको पैसा तिर्नुपर्दैन भनेर लोकप्रियताका लागि हामीले भन्यौ भने र बैंकलाई मात्र गाली गर्ने गरी कुरा गर्‍यौं भने त्यसको नतिजा के होला', उनले थप प्रश्न गरे ।

उनले भीडमा तालीका लागि मात्र गैरजिम्मेवार ढंगले विषयवस्तु नउठाउन सबैलाई आग्रह गरे । 'म निजी क्षेत्रका साथीहरुलाई पनि भन्न चाहन्छु, तपाईहरु वास्तविक र व्यवहारिक बन्नुस् । त्यसबाट बाहिर गएर भीडमा लोकप्रिय बन्ने प्रतिस्पर्धा नगरौं, सस्तो लोकप्रियताका लागि यस्ता गैरजिम्मेवार कुराका पछाडि नलागौं', उनले भने ।

कोरोनाभाइसरका कारण मुलुकको आर्थिक अवस्था बिग्रिएको बताउदै उनले कोरोनाभाइरसका कारण वैदेशिक रोजगारमा जानेक्रम घट्दा, नेपाल फर्किएका कामदारहरु तत्काल विदेश जान नपाउँदा रेमिट्यान्सको आप्रवाहमा कमी आउन गएको बताए । त्यस्तै, बाह्य पर्यटकको संख्या घट्दा र बैंकमा लगानी योग्य तरलताको अभाव हुँदा धेरै उद्योग व्यवसायहरु खुम्चिन बाध्य भएको उनले बताए ।

'अहिले अर्थतन्त्रका केही कुराहरुमा सुधार आएको छ, वैदेशिक रोजगारमा जानेको संख्या पनि बढेको छ । विदेशबाट आउने पर्यटकको संख्या पनि बढ्न थालेको छ, रेमिट्यान्सको आप्रवाह पनि बढेको छ, बैंक तथा वित्तीय संस्थाहरुमा तरलताको अवस्थामा पनि सुधार देखिएको छ र, आउने दिन आउने दिनमा अर्थतन्त्र यो भन्दा धेरै बिग्रिन्छ भन्ने मलाई लाग्दैन, केही न केही सुधार हुने मलाई विश्वास छ', उनले भने ।

# होलीदेखि अन्नपूर्ण केबलकारका यात्रुलाई छुट



**काठमाडौं/मस** – अन्नपूर्ण केबलकारले होलीको अवसर पारेर सोमबारदेखि भारी छुटको घोषणा गरेको छ । यो योजना होलीको दिनदेखि पोखरा घुम्ने नेपाली पर्यटकका लागि ल्याइएको केबलकारले जनाएको हो। पोखराको आन्तरिक पर्यटन प्रवर्द्धनका लागि कम्पनीले यस्तो व्यवस्था गरेको जनाएको छ । यसअघि कायम गरिएको दररेटमा ५० प्रतिशतसम्म छुट प्रदान गरिएको अन्नपूर्ण केबलकारका प्रशासन प्रमुख दामोदर तिमिल्सिनाले जनाएका छन् ।

कम्पनीका अनुसार बिहान ५ देखि साढे ७ बजेसम्म सराङकोटबाट सूर्योदय अवलोकनका लागि जान चाहने पर्यटकले दुईतर्फी भाडा ४ सय मात्रै तिरे पुग्छ । यसअघि सो समयमा ७ सय रुपैयाँ भाडा रहेको थियो । त्यसमा भारी छुट प्रदान गर्दै पर्यटकलाई सहजता प्रदान गर्न लागिएको कम्पनीले जनाएको छ । त्यसमा पनि अपाङ्गता भएका व्यक्तिलाई लक्षित गर्दै दुईतर्फी भाडा ३५०मात्रै कायम गरिएको कम्पनीले जनाएको छ ।

त्यस्तै विद्यार्थी र बालबालिकालाई पनि छुट प्रदान गरिएको छ । विद्यार्थी र बालबालिकाका लागि बिहान ५ बजेदेखि साढे ७ बजेसम्म दुईतर्फी ४ सय र एकतर्फी यात्राका लागि २ सय रुपैयाँ शुल्क तय गरिएको छ । साढे ७ देखि ८ बजेसम्मको समय 'ब्रेक' राखिएको छ भने बिहान ८ बजेदेखि साढे १ बजेसम्मका लागि भने पहिलेकै भाडा दर तय गरिएको छ । जसमा यो समयमा यात्रा गर्ने अपाङ्गता, बालबालिका र विद्यार्थीबाहेकलाई दुईतर्फी भाडा ७ सय मात्रै कायम गरिएको छ ।

पर्यटकीय नगरी पोखराको सेदीबगरदेखि सराङकोटसम्म केबलकारमा यात्रा गर्न सकिन्छ। केबलकारले सूर्योदर्शन सेवा तथा सूर्यास्तको अवलोकनका लागि यो सेवा प्रदान गरिएको जनाएको छ ।

## खाद्य र साल्ट ट्रेडिङले भारतबाट गहुँ आयात गर्दै

**काठमाडौं/मस** – खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले गहुँ आयात प्रक्रिया शुरु गरेका छन्। सरकारी कम्पनीले भारतबाट गहुँ आयात गर्न लागेको यो पहिलोपटक हो । गहुँको आयात रोकिएर अभाव हुँदा नेपालमा आटा, मैदा र यसमा आधारित बेकरी प्रोडक्टहरु महँगिएका थिए । व्यवसायीहरुको आग्रहपछि नेपाल सरकारले पहल गर्दा भारतले ५० हजार मेट्रिक टन गहुँ निर्यात गर्ने व्यवस्था गरेको थियो ।

जसमा ३१ हजार टनभन्दा बढी गहुँ मैदा उद्योगहरुका लागि कोटा छुट्याइएको छ । करिब साढे ७ हजार टन सरकारी कम्पनीहरुलाई आयात गर्न अनुमति दिएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । खाद्य कम्पनी र साल्ट ट्रेडिङलाई बराबर परिमाणमा आयातको कोटा तोकिएको छ । बजारमा गहुँको अभाव भएपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले खाद्य र साल्ट ट्रेडिङलाई पनि आयात गर्न निर्देशन दिएको हो । मन्त्रालयको निर्देशन अनुसार दुवै कम्पनीले आयात प्रक्रिया सुरु गरिसकेका बताएका छन् ।

साल्ट ट्रेडिङले आन्तरिक बजारबाट गहुँ खरिद गरी आटा र सुजी उत्पादन गर्दै बिक्री गर्दै आएको थियो। आयातित गहुँ पटक-पटक गरेर आउने कम्पनीहरुले बताएका छन्। यी दुई कम्पनीहरुमा आटा, मैदा र सुजीको माग ठूलो परिमाणमा हुने गरेको छैन। गहुँमा छिटै किरा लाग्ने भएकाले थोरै-थोरै परिमाणमा भित्र्याउने तयारी छ ।

# सानिमा रिलायन्सको नामबाट एकीकृत कारोबार गर्दै दुई बीमा कम्पनी




**काठमाडौं/मस** – सानिमा लाइफ इन्स्योरेन्स र रिलायन्स लाइफ इन्स्योरेन्सले आगामी चैत ९ गतेदेखि एकीकृत कारोबार गर्ने भएका छन् । दुई कम्पनीले सानिमा रिलायन्स लाइफ इन्स्यारेन्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्न लागेका हुन् ।

एकीकृत कारोबार गर्न यी दुई कम्पनीले गत फागुन १८ गते नेपाल बीमा प्राधिकरणबाट अन्तिम स्वीकृति पाएका थिए । मर्जरमा जानको लागि यी दुई कम्पनीले गत असार २९ गते प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर गरेका थिए । उक्त प्रारम्भिक समझदारी पत्रमा रिलायन्स लाइफको तर्फबाट संचालक भरत कुमार तोदी र सानिमा लाइफको तर्फबाट संचालक घनश्याम थापाले हस्ताक्षर गरेका थिए । दुई कम्पनी एक आपसमा मर्ज हुने प्रस्तावलाई फागुन १२ गते सम्पन्न दुबै कम्पनीको साधारण सभाले पारित पनि गरिसकेको छ ।

हाल सानिमा लाइफ इन्स्योरेन्सको चुक्ता पुँजी २ अर्ब रुपैयाँ र रिलायन्स लाइफको २ अर्ब १० करोड रुपैयाँ छ । १:१ को अनुपातमा मर्ज भएपछि बन्ने कम्पनीको चुक्ता पुँजी ४ अर्ब १० करोड रुपैयाँ नाघ्ने छ । जुन नेपाल बीमा प्राधिकरण (साविक बीमा समिति) ले तोकेको न्यूनतम पुँजीभन्दा कम हो । प्राधिकरणले जीवन बीमा कम्पनीको न्यूनतम चुक्ता पुँजी ५ अर्ब रुपैयाँ तोकेको छ।

# स्वदेशी उत्पादन प्रयोग गर्न उद्योग मन्त्रालयको निर्देशन




**काठमाडौं/मस** – उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मातहतका कार्यालयहरुलाई स्वदेशी वस्तु तथा उत्पादनको उपभोग गर्न परिपत्र गरेको छ । सबै सरकारी निकायले सम्भव भएसम्म नेपाली वस्तु प्रयोग गर्ने निर्णय सरकारले निर्देशन गरेको भन्दै मन्त्रालयले मातहतका विभाग र संस्थानलाई सो निर्देशन दिएको हो ।१२ फागुनमा बसेको केन्द्रीय अनुगमन समितिको बैठकको निर्णयअनुसार सबै सरकारी निकायमा सम्भव भएसम्म स्वदेशी वस्तुको उपयोग गर्न प्रबन्ध मिलाउने भन्ने निर्णय कार्यान्वयन गर्न मन्त्रालयको परिपत्रमा निर्देशन दिइएको छ ।

यसअघि नै मन्त्रालयले सबै सरकारी निकायले प्रयोग गर्ने स्टेशनरी, खाजाका परिकारदेखि खरिदका कार्यमा समेत स्वदेशी प्रयोगलाई प्राथमिकता दिने निर्णय गरेको थियो । जसअनुसार अब सरकारी कार्यालयका खाजा तथा खानाका परिकारमा स्वदेशमा उत्पादन भएका वस्तु मात्रै प्रयोगमा आउँछ ।

# बीमा नगरी चल्दै जनकपुर–जयनगर रेल



**धनुषा/रासस** – जनकपुर-जयनगर रेल सेवा सरकारको नीति विपरीत बीमा बिना नै सञ्चालन भइरहेको छ। नियमित सञ्चालनमा आएको झण्डै एक वर्ष हुन लाग्दा पनि व्यवस्थापकीय पक्षद्वारा बीमा नगरी रेल सञ्चालन गरेको पाइएको छ। विसं २०७८ चैत १२ गतेदेखि नियमित रुपमा रेल सेवा सञ्चालन हुँदै आएको छ। भारतीय बजार जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर दुरीमा दैनिक दुई पटक रेल सेवा सञ्चालनमा छन्। सो मार्गमा सञ्चालित दुईवटा रेल बजेट अभावका कारण बीमा नगरीकनै सञ्चालन गर्नुपरेको नेपाल रेल्वे कम्पनीका इञ्जिनीयर रवीन्द्र साहले जानकारी दिए । उनले भने, 'रकम अपुग भएपछि बीमा गराउन सकिएको छैन ।'

दुवै रेलको बीमाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा १५ लाख र गत आवमा ३० लाख विनियोजन गरिएको थियो। एउटा बोगिसहितको रेलको बीमाका लागि ९० लाख आवश्यक पर्छ । रकम अभाव भएपछि बीमा गर्न नसकिएको साहको भनाइ छ ।

'दुवै रेलको बीमाका लागि एक करोड ८० लाख आवश्यक पर्छ', रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले भने । बीमा नगरिए पनि रेल दुघर्टना भएर कोहीले ज्यान गुमाएमा उनीहरुका परिवारजनलाई नेपाल रेल्वेको ऐनअनुसार प्रति व्यक्ति सात लाख क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको उनले बताए । झाले भने, 'एकातिर यहाँका बीमा कम्पनी रेलको बीमा गर्न तयार छैनन् भने अर्कोतिर बीमा गर्न बजेट अभाव छ। यात्रुको मात्रै बीमा गर्ने प्रक्रिया जटिल भएकाले हालसम्म रेल र यात्रु दुवैको बीमा गराउन सकेका छैनौं ।'

जयनगर-कुर्था रेल नेपाल रेल्वे कम्पनीले सञ्चालन गरे पनि हालसम्म दुवै रेल रेल्वे विभागको नाममा छन् । विभागले रेलको स्वामित्व कम्पनीलाई हस्तान्तरण नगरेको महाप्रबन्धक झाले जानकारी दिए। गत पुसमा वैदेही स्टेशनमा नेपाली रेलले किचेर एक यात्रुको मृत्यु भएको थियो । रेल खुल्न लागेको समयमा टिकट नलिइ चढ्ने क्रममा लड्दा किचिएर धनुषाको नगराइन नगरपालिकाका पूर्ण सदाको ज्यान गएको थियो ।

उक्त घटनाको छानबिन गरी मृतकका परिवारजनलाई क्षतिपूर्ति दिनका लागि छानबिन समिति गठन गरिएको थियो। उक्त समितिले कम्पनी दैनिक लाखौं रुपैयाँ घाटामा सञ्चालन भइरहेको, रेल तथा यात्रुको बीमा नभएको तथा मृतकले टिकट नलिएको कारण उल्लेख गर्दै क्षतिपूर्तिका लागि सिफारिस नगरेका कारण क्षतिपूर्ति दिइएको थिएन ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**